# परिच्छेद एक : परिचय

## १. अध्ययनको पृष्ठभुमि

मानव सभ्यता र संस्कृतिको विकाससँगै शिक्षाको पनि विकास हुँदै वर्तमान समयसम्म आइपुग्दा शिक्षासँग सम्बन्धित विभिन्न धारणाहरूको प्रयोग भइसकेको पाइन्छ । वर्तमान समयमा शिक्षालाई समाज विकासको एक अभिन्न अंगको रूपमा विकास गर्न प्लेटो (इ.पु. ४२९) , टेलर (सन् १८५६) , रुसो (सन् १७१२) , फ्रोवेल (सन् १७८२) , जोनडिवे (सन् १८५७) जस्ता आधुनिक विद्वानहरूले ठुलो मेहनत र पसिना खर्चेका छन् । शिक्षाका विभिन्न रूपहरू मध्ये यसको औपचारिक स्वरूपलाई विद्यालय पद्धति तथा स्वरूपको रूपमा लिइन्छ । प्राचीनकालमा हाम्रो देशमा पारिवारीक अनुशासन, परम्परा, चालचलन, रितिरिवाज, संस्कार, पुर्ख्यौली पेशा एवं नीतिनियमलाई नयाँ सन्ततिमा हस्तान्तरण गर्न देवकुल, ऋषिकुल तथा गुरुकुल जस्ता शिक्षा पद्धतिहरू अपनाइएको थियो जसलाई अनौपचारिक शिक्षा पद्धतिको माध्यमबाट व्यवस्थापन गरिन्थ्यो । समयको गतिसँगै मानिसका इच्छा, आकांक्षा, चाहना एवं आवश्यकताहरू तिव्र रूपमा बढ्दै गयो र उसले विकासको गतिमा पनि तिब्रता प्रदान गऱ्यो । परम्परागत शैलिमा प्रदान गरिने शिक्षाले मानविय आवश्यतालाई सम्बोधन गर्न सकेन । फलस्वरूप व्यक्ति , परिवार समाज र राष्ट्रको आवश्यकता अनुसारको शिक्षा दिने परिपाटीको थालनी भयो । यसरी औपचारिक शिक्षा प्रदान गर्ने परिपाटीको विकास भएको पाइन्छ, (वाग्ले र कार्की , २०६१ ) ।

हाम्रो देशमा वि.स. २००७ सालमा प्रजातन्त्रको उदय भए पश्चात शिक्षा नीतिमा निकै सुधार र परिवर्तन गरी विद्यालयको व्यवस्थापनसम्बन्धी योजना निर्माण गर्न विभिन्न शिक्षा आयोगहरूको गठन भएको पाइन्छ । ती आयोगहरूमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८, उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०५५ जस्ता विविध आयोगहरूको प्रतिवेदनको सिफारिस अनुसार शिक्षा पद्धतिमा सुधार ल्याउन धेरै जमर्को गर्न खोजिएको देखिन्छ (काफ्ले र साथीहरू, २०६२) ।

जिल्लाको शैक्षिक क्रियाकलापलाई सहज र प्रभावकारी रूपमा संचालन गर्नका लागि भौगोलिक एवं विद्यालय संख्याको आधारमा १६ वटा श्रोत केन्द्रमा यस जिल्लालाई विभाजन गरिएको छ । जिल्ला शिक्षा कार्यायल मोरङ्ग अन्तर्गत रहेका १६ वटा श्रोतकेन्द्रमा रहेको ५४० वटा समुदायिक विद्यालययहरू मध्ये जिल्ला सदरमुकाम देखी ७ कोष पुर्व रहेको दादरवेरिया श्रोतकेन्द्र अन्तर्गतको गा.वि.स. मा रहेका ३२ वटा सामुदायिक विद्यालयहरुलाई समेटिएको छ । यसमा कुल साक्षरता ५२.२१% रहेको छ भने महिला साक्षरता ५२.३४% र पुरुष साक्षरता ६२.५६% रहेको छ । जम्मा २७८० घरधुरी रहेको यस श्रोतकेन्द्रको जनसंख्या ४०७३३ मध्ये महिला २१२६५ र पुरुष १८४६८ रहेको छ । श्रोतकेन्द्रको औषत साक्षरता ५०.२५% छ जसमा महिला साक्षरता ४६.७५% र पुरुष साक्षरता ५३.२५% रहेको छ । यस श्रोत केन्द्रमा आवद्ध भएका ३२ वटा समुदायिक विद्यालयहरू मध्ये २ उच्च मा.वि. ६ मा.वि. ७ नि.मा.वि. र १७ वटा प्राथमिक विद्यालयहरू रहेको छन् ( श्रोत केन्द्र अभिलेख, २०६७, एजुकेशन हेल्पलाइन, विराटनगर मोरङ) ।

यस जिल्लामा जम्मा शिक्षक दरबन्दी संख्या प्राथमिक विद्यालय तहमा र नि.मा.वि. तहमा ६२७ तथा मा.वि. तहमा ४०७ गरी जम्मा ३१५७ जना शिक्षक रहेकोमा जिल्ला भरीको कुल विद्यार्थी संख्या छात्रा १००८५६ र छात्र १०८४३९ गरी जम्मा २०९२९५ रहेको छ भने यस श्रोत केन्द्रमा जम्मा कार्यरत शिक्षक ८८ जना रहेका छन् । प्राथमिक तहमा छात्रा १०२९ र छात्र ९९२ गरी जम्मा २०२१ विद्यार्थीहरू अध्ययनरत छन्, (श्रोत : शैक्षिक तथ्याङ्क २०६७, एजुकेशन हेल्पलाइन, विराटनगर, मोरङ ) ।

शिक्षा विकासको मेरुदण्ड हो । तसर्थ शिक्षाको विकास भन्नु नै राष्ट्रको/देशको विकास हो । जब सम्म शिक्षाको विकास हुन सक्दैन तब सम्म राष्ट्रको विकास सम्भव छैन् तसर्थ सरकारले विद्यालयीय शिक्षालाई प्रभावकारी गुणस्तरीय एवं सर्वसुलभ बनाउनु पर्दछ भन्ने मान्यता विकास भइरहेको परिप्रेक्ष्यमा सबैका लागि शिक्षा भन्ने नारालाई विश्वव्यापीरूपमा उठाइएको छ । जसलाई नेपालले पनि जोडदार रूपमा समर्थन गर्न शिक्षा प्रति बढी चासो देखाएको छ । हाम्रो देशमा विद्यालय संचालन र व्यवस्थापनमा ठोस सरकारी नीति नियमहरू अझसम्म पनि

हुन नसकिरहेको अवस्था छ । यसै परिप्रेक्ष्यमा ढिलै भएपनि सरकारले शिक्षामा योजनाबद्ध विकासको अवधारणलाई जोडदिदै विभिन्न योजनाको माध्यमबाट शिक्षाको विकासमा ठोस कार्यक्रमहरू संचालन गर्दै आएको छ । राष्ट्रले राष्ट्रिय बजेटको झण्डै १५% - १७% लगानी शिक्षामा गर्दै प्राथमिक शिक्षालाई सर्बसुलभ एवं अनिवार्य गरी शिक्षालाई विशेष जोड दिएको छ । ग्रामिण विकासको लागि सेती परियोजना र वि.सं. २०४२ सालमा प्राथमिक शिक्षा परियोजना सफलतापुर्वक संचालन भएको आधारमा सरकारले वि.सं. २०४९ सालमा BPEP i १९ जिल्लामा संचालन गरी आ.व. २०५२/२०५३ मा विस्तार गरी ४० जिल्लामा सञ्चालन गरियो । यस सन्दर्भमा आर्थिक वर्ष २०५६/२०५७ सालदेखि आधारभुत तथा प्राथमिक शिक्षा परियोजनालाई कार्यक्रमको आ.प्र.शि.का. ॥ को ( २०५६-०६१ ) का नाममा संचालनमा आयो र आ.व. २०५८/०५९ मा देशका ७५ वटै जिल्लामा लागु समेत गरियो । BPEP ii ले लिएका मुख्य उद्देश्यहरू मध्ये संस्थागत क्षमता विकास पनि एक हो । उक्त उद्देश्य अन्तर्गत स्थानिय क्षमता अभिबृद्धि पनि पर्दछ, (विद्यालय सुधार योजना तालिम पुस्तिका , २०५६) ।

नेपाल सरकारले विद्यालय शिक्षाको गुणस्तरमा सुधार ल्याउन चालेका विभिन्न कदमहरूमध्ये विद्यालय सुधार योजना पनि एक महत्त्वपुर्ण कार्यक्रम हो । यसको प्रमुख लक्ष्य भनेको विद्यालयको सबै पक्षहरूको चौतर्फी विकास द्वारा विद्यार्थीहरूको उच्च सिकाई उपलब्धि सुनिश्चित गर्नु हो । यस योजनाले विद्यालयको आन्तरीक कुशलता अभिवृद्धि गरी शैक्षिक क्षतिलाई न्युन गराएर उच्चतम प्रतिफल हासिल गर्नुका साथै विद्यालयको सिकाई उपलब्धिमा सुधार ल्याउन ठोस कार्यक्रम लाई विशेष जोड दिने गर्दछ । यस प्रकारको योजनालाई वि.सं. २०६१ देखी मोरङ्ग जिल्लाका सम्पुर्ण श्रोत केन्द्रहरूले निर्माण गरी कार्यान्वयन गर्ने कार्यक्रम अनुसार दादर वैरिया श्रोत केन्द्रले पनि आफु अन्तर्गतका सबै विद्यालयहरूको विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी योजनामा समसामयिक सुधार गरी परिस्कृत रूपमा अद्यावधिक योजना बनाई कार्यान्वयन गर्न विद्यालयहरूलाई योजनाका आधारमा थप अनुदान समेत उपलब्ध गराईएको छ । यसै अन्तर्गत प्राथमिक तहका विद्यार्थीहरूको सिकाई उपलब्धिमा पारेको प्रभाव को अध्ययन गरी त्यससँग सम्बन्धित रहेर आवश्यक सल्लाह र सुझाव दिन यो अध्ययन गरिएको छ ।

## १.२ समस्याको कथन

सम्पूर्ण शिक्षाको आधारसिलाको रूपमा रहेको प्राथमिक तहको शिक्षाको सुधारका लागि विभिन्न प्रयासहरू भई रहेका छन् । ती मध्ये विद्यालयको व्यवस्थापनमा सुधार गरी विद्यालयको शैक्षिक पक्षमा सुधार गर्न स्थानिय आवश्यकता र अवस्थालाई समेटी स्थानिय तहका विद्यालयहरुसँग प्रत्यक्ष र परोक्षरूपमा सरोकार राख्ने सरोकारवालाहरूको सक्रिय संलग्नता र क्रियाशिलता निर्माण गरी यस योजनाले शिक्षण सिकाई क्रियाकलापमा सुधार ल्याई सिकाई उपलब्धिमा पनि सुधार ल्याउन महत्त्वपुर्ण भुमिका निर्वाह गर्दछ ।

विद्यालयको सिकाई उपलब्धि बृद्धि गर्नका लागि यस कार्यक्रमले के कस्तो भुमिका निर्वाह गरेको छ सोको पहिचान गरी सिकाई उपलब्धि सँग यसको अन्तर सम्बन्ध स्थापित भएको छ कि छैन भन्ने विषयमा पनि अध्ययन गर्नुपर्ने हुन्छ । साथै सिकाई उपलब्धिको निर्माण र यसको कार्यान्वयन पक्षमा सामुदायिक सहभागिता के कस्ता छन् र सो लाई बढाउनका लागि के कस्तो उपायहरू अबलम्बन गर्नुपर्दछ भन्ने तथ्य थाहा पाउन अध्ययनको आवश्यक्ता पर्दछ । वि.सं. २०६१ सालदेखी यस श्रोत केन्द्रका सम्पुर्ण विद्यालयहरुको गुणस्तरियता प्रभावकारी रूपमा संचालन हुन नसकी सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर दिन प्रतिदिन लगानीको तुलनामा खस्कदै गइरहेको र अभिभावकहरूको आर्थिक अवस्थाले रूपले धान्न सकी वा नसकी आफ्ना बच्चाहरूलाई संस्थागत विद्यालय तर्फ भर्ना गर्ने परिपार्टीले प्रशय पाइरहेको कुरा जनगुनासोको रूपमा उठिरहेको छ र सो जनगुनासो केहि हदसम्म सत्य रहेको महसुस गरिएकोले यो अध्ययन गरिएको हो ।

सामुदायिक विद्यालयहरूमा लगानीको तुलनामा शैक्षिक उपलब्धि आसातित रुपमा प्राप्त हुन नसकिरहेको विषय बस्तुलाई मध्यनजर राखी विद्यालयहरूको शैक्षिक व्यवस्थापन कमजोर हुनु र सिकाई उपलब्धि न्युन हुनुलाई समस्याको रूपमा लिएको छ । यी समस्याहरू एवं विषयहरूमा अभिभावक, प्रधानाध्यापक, शिक्षक र वि.व्य.स. का सदस्यहरूको प्रतिक्रियाहरू थाहापाई कार्यक्रम संचालनमा देखापरेको प्रमुख समस्या र तिनका समाधानका लागि उपायहरूको खोजी गर्नु नै अध्ययनको प्रमुख आवश्यकता हो ।

## १.३ अध्ययनको औचित्य

जुनसुकै देशको प्राथमिक तहको शिक्षाले त्यस देशको शिक्षा प्रणालीमा महत्त्वपुर्ण स्थान ओगटेको पाइन्छ । जग बलियो भयो भने मात्र घरपनि बलियो हुन्छ भने झै प्राथमिक तहको शिक्षा राम्रो भयो भने मात्र देशको शैक्षिक अवस्था सुदृढ र राम्रो हुनसक्दछ । हाम्रो देशमा कुल बजेटको करीब ५५% रकम प्राथमिक तहको शिक्षामा लगानी गरिन्छ । यदि यसमा परिवारको लगानी समेत जोड्ने हो यसको प्रतिशत अरु बढ्ने हुन्छ । प्रा.वि. तह उच्च शिक्षाको आधारसिला भएकोले पनि सरकारले यस तहमा विशेष ध्यान पुऱ्याएको देखिन्छ । साथै प्राथमिक तहमा गरिएको राष्ट्रिय लगानीको सामाजिक लाभ पनि तुलनात्मक रूपमा उच्च शिक्षामा भन्दा बढी नै हुन्छ । त्यसैले प्राथमिक तहको शिक्षा सर्वव्यापी , गुणस्तरिय एवं सर्वसुलभ हुनुपर्छ भन्ने विषयले सर्वमान्यता प्राप्त गरेको छ । हाम्रो देशमा प्राथमिक शिक्षालाई पुर्णरूपमा निःशुल्क गरी निःशुल्क पाठ्यपुस्तक , विभिन्न प्रकारका छात्रवृति , पौष्टिक आहार तथा विविध प्रोत्साहनको व्यवस्था गरेर सबै बालबालिकाहरुका लागि आधारभुत शिक्षाको पहुँच पुऱ्याउन खोजिएको छ । यसै परिप्रेक्ष्यमा विद्यालयको व्यवस्थापनलाई सुधार गर्दै शिक्षण सिकाईको अवस्थामा समेत सुधार गरी विद्यार्थीको सिकाई उपलब्धिमा अभिवृद्धि गर्न अझ गुणस्तरिय शिक्षा प्रदान गर्न लागु गरिएको छ ।

कुनै पनि योजना तथा कार्यक्रमले जति सुकै राम्रो लक्ष्य वा उद्देश्य बोकेको होस तर त्यसको कार्यान्वयन पक्ष प्रभावकारी हुनसकेन भने त्यो कार्यक्रम समय , पूँजी , श्रमको नष्ट गर्ने कार्यक्रमको रूपमा मात्र सावित हुनजान्छ । विद्यालय सुधार योजना एक बृहत्तर योजना हो । सिकाईमा गुणात्मक सुधार र क्षमता बढाउनु तथा विद्यालय सेवा क्षेत्र भित्र बसोबास गर्ने सबै जनतालाई शिक्षाको अवसर प्रदान गर्नु यसको प्रमुख उद्देश्य हो । यसै योजनाले विद्यालयको शैक्षिक अवस्था बृद्धि गर्न के कति सहयोग पुऱ्याएको छ । यस बारेमा अध्ययन गर्नु आवश्यक देखिन्छ ।

विद्यालय सुधार योजनाले सकारात्मक वा नकारात्मक के कस्तो प्रभाव परेको छ सोको विश्लेषण गरी नकारात्मक प्रभावलाई हटाउन र सकारात्मक प्रभावलाई अझ बढाउन सहयोगी

भुमिका निर्वाह गरोस भन्ने आशयका साथ यो अध्ययन गर्न आवश्यक भएको हो । यस कार्यक्रमको संचालनमा के कस्ता समस्याहरू आए । तिनको पहिचान गरी आवश्यक समाधानका उपायहरू पत्ता लगाउन समेत यो अध्ययन गरिएको हुँदा अध्ययनको निष्कर्षबाट प्राप्त  सुझावहरूले विद्यालयसँग प्रत्यक्ष सरोकार राख्ने सरोकारवालाहरू, अभिभावक, शिक्षक, विद्यार्थी, विद्यालय व्यवस्थापन समिति लगायत अन्य सम्बन्धित संघ संस्था एवं निकायहरूलाई र यस सँग सम्बन्धित रहेर थप अध्ययन अनुसन्धान तथा सुचना प्रवाह गरी सहयोग पुऱ्याई दिशा निर्देश गर्ने छ भन्ने आशा गरिएको छ ।

## १.४ अध्ययनका उद्देश्य

यस अध्ययनका उद्देश्यहरू निम्नानुसार छन्

क)  विद्यार्थीको सिकाई उपलब्धिको लेखाजोखा गर्ने ।

ख)  सिकाई उपलब्धिमा शिक्षण सिकाई क्रियाकलापको प्रभावको मूल्याङ्कन गर्ने ।

ग)  शिक्षण सिकाई क्रियाकलापका समस्याहरू पहिचान गर्ने ।

घ)  समस्याहरूको निराकरणको लागि उपायहरु प्रदान गर्ने ।

## १.५ अनुसंधानात्मक प्रश्नहरू

प्राथमिक तहमा कक्षा ४ र ५ को शैक्षिक वर्ष २०६४ देखी २०६७ सालको गणित र अंग्रेजी विषयमा विद्यार्थीहरूको  अवस्थाको सम्बन्धमा अध्ययनका लागि स्थलगत भ्रमण, अवलोकन , प्रश्नावली अन्तरवार्ता र भेटघाटका माध्यमबाट निम्न अनुसंधानका प्रश्नहरूको जवाफ प्रष्ट गर्ने अभिप्रायले यो अध्ययन गरिएको छ ।

क) कुन कुराले विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पारेको हुन्छ ?

ख) विद्यार्थीहरूको सिकाई उपलब्धि न्यून हुनुको कारणहरू के के हुन्  ?

ग) शिक्षण सिकाई क्रियाकलाप गर्दा आइपर्ने समस्याहरू के के हुन् ?

घ) शिक्षण सिकाइमा सुधार ल्याउन के कस्ता कार्यक्रमहरू राखिएका छन् ?

ङ) के विद्यालयको सिकाई प्रति अभिभावक सन्तुष्ट छन् ?

च) के के कारणले गर्दा सिकाई उपलब्धि न्यून हुन्छ  ?

छ) विद्यार्थीहरूको सिकाई उपलब्धिमा जनसहभागिता बढाउन के कस्ता उपाय अवलम्ब्न गर्नु पर्दछ ?

## १.६ अध्ययनको परिसीमा

यो अध्ययन मोरङ्ग जिल्लाको दादरवेरिया श्रोत केन्द्रमा रहेका ३२ वटा सामुदायिक विद्यालय मध्ये ५ वटा विद्यालयलाई अध्ययनमा समेटी सोही श्रोतकेन्द्रमा अध्ययनलाई सिमित पारिएको छ । यस अध्ययनमा शै.वर्ष २०६४ देखी २०६७ साल सम्मको कक्षा ४ र ५ को अंग्रेजी र गणित विषयको सिकाई उपलब्धि बीचको वर्तमान अवस्थालाई हेरिएकोछ । यो अध्ययन मुलरूपमा श्रोत केन्द्रमा श्रोत व्यक्ति , विद्यालयका प्र.अ. , शिक्षक , वि. व्य. स. का अध्यक्ष/ सदस्य तथा अभिभावकहरूले व्यक्त गरेका तथ्य एवं प्रतिक्रिया र नियमित रूपमा संचालन गरिएका परीक्षाको प्राप्ताङ्कलाई आधार मानेर सिमा निर्धारण गरिएको छ ।

## १.७ शब्दावलिहरूको अर्थ

यस अध्ययनमा निम्न शब्दहरूको निम्न बमोजिमको अर्थमा प्रयोग भएको छ ।

**सामुदायिक विद्यालय** शिक्षा ऐन २०२८ को सातौ संशोधन २०५८ अनुसार सामुदायिक विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त विद्यालय सम्भन्नु पर्दछ ।

**संस्थागत विद्यालय** संस्थागत विद्यालय भन्नाले नेपाल सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय संभन्नु पर्दछ भनी शिक्षा ऐनमा उल्लेख भए अनुसार सोहि अर्थमा प्रयोग गरिएको छ ।

| | |
|---|---|
| **प्राथमिक विद्यालय** | प्राथमिक विद्यालय भन्नाले कक्षा १ - ५ सम्मको शिक्षा दिने विद्यालयलाई सम्झनु पर्दछ । |
| **श्रोत केन्द्र** | श्रोत केन्द्र रहेको विद्यालय सहित सेवाक्षेत्र भित्रका सबै सामुदायिक विद्यालयहरू जनाउने गरी प्रयोग गरिएको छ । |
| **व्यवस्थापन समिति** | व्यवस्थापन समिति भन्नाले अध्यक्ष सहित सदस्यहरूलाई समेत जनाउने अर्थमा प्रयोग गरिएको छ । |
| **शिक्षक** | शिक्षक भन्नाले प्रधानाध्यापकलाई समेत जनाउने गरी कक्षाकोठामा अध्यापन गराउने व्यक्तिलाई बुझिन्छ । |
| **स्थानिय तह** | विद्यालयले सेवा पुऱ्याउने क्षेत्रलाई जनाउने अर्थमा प्रयोग गरिएको छ । |
| **सिकाई उपलब्धि** | विषयगत रूपमा विद्यार्थीहरूले परीक्षामा ल्याएको औषत प्राप्ताङ्क । |
| **सेवाकालिन तालिम** | सामुदायिक विद्यालयको स्वीकृत दरबन्दिमा कार्यरत शिक्षकहरूको शै.ज.वि.के., दुरशिक्षा , आ.प्र.शि.प. बाट सञ्चालित तालिम । |
| **बालमैत्री शिक्षा** | विद्यार्थीहरूलाई नियमका साथै उनिहरूको क्षमता, चाहना र रुची पहिचान गरी रमाइलो वातावरणमा प्रदान गरिने शिक्षा । |

# परिच्छेद : दुई

# सैद्धान्तिक खाका र सम्बन्धित साहित्यको पुनराबलोकन

## २.१ सैद्धान्तिक खाका

यस अध्यायमा सैद्धान्तिक खाकाका लागि वैज्ञानिक व्यवस्थापनको सिद्धान्त , मानव सम्बन्ध सिद्धान्त , मास्लोको अभिप्रेरणाको सिद्धान्त गरी ३ वटा सिद्धान्तहरुलाई यस अध्ययनका लागि उपयोग गरिएका छन् । प्राथमिक तहमा विद्यार्थीको सिकाई उपलब्धिमा पार्ने प्रभावमा बैज्ञानिक व्यवस्थापन सिद्धान्तलाई सैद्धान्तिक खाकाको रूपमा हेरिएकोछ ।

### बैज्ञानिक व्यवस्थापनको सिद्धान्त

परम्परागत रूपमा चल्दै आएका भुल र प्रयत्नको प्रशासनिक व्यवस्थापन लाई वैज्ञानिक र तर्कसंगत बनाउनको लागि अभियान संचालन गरेको हुनाले ( १८५६-१९१७) लाई वैज्ञानिक व्यवस्थापनका लागि पिता पनि भनिन्छ । कामदारको कार्यक्षमता बढाएर उत्पादन बढाउन सकिने कुरामा जोड दिएका यिनले शुरुमा अमेरिकाको फिलाडेल्फियामा रहेको मोड्मेल स्टील कम्पनिमा फोरमेनको रूपमा कामथालेका थिए भने आफ्नो अथक परिश्रमका कारण छोटो समयमा नै कम्पनिको समुह प्रमुख हुदै मुख्य प्राविधिक सम्म भएका यिनले २८ वर्ष कै उमेरमा प्रखर बुद्धिका कारण मा इन्जिनियरीङ् विषयमा स्नाकोत्तर उपाधी हासिल गर्न सफल भए । सानो तहबाट माथिल्लो तह सम्म पुगेका आफ्नो अनुभव, कम्पनिमा , गरेका कामहरू , व्यवस्थापनका पक्षहरू कामदारको कार्य प्रगति र उत्साह , व्यवस्थापनका पक्षहरू कामदारको कार्य प्रगति र उत्साह , जागरुकता , अल्छिपना , निस्क्रीयता , कामदारको क्षमताको प्रयोग र आकर्षण जस्ता कुराले लाई प्रत्यक्ष प्रभाव पारिरहेको थियो । उनले सन् १९११ मा “ The Principle of Scientific Management Theory” भन्ने पुस्तकमा वैज्ञानिक व्यवस्थापन सिद्धान्त प्रतिपादन गरे । उनले उक्त पुस्तकमा Science of Shoveling , Bicycle Factory , Functional org , Motivation Training , Humana Relation जस्ता पक्षलाई विशेष जोड दिएको यस सिद्धान्तले अमेरिका , फ्रान्स , इटली र जापानमा प्रसिद्धि पाई

विभिन्न कम्पनिहरूमा लागु समेत भयो । उनले वैज्ञानिक विधि अन्तर्गत अवलोकन , मुल्याङ्कन , परिक्षण र निचोडलाई समावेश गर्दै व्यवस्थापनमा निम्न सिद्धान्तहरू प्रतिपादन गरेका छन् ।

क) प्रत्येक कामदारको परम्परागत कार्यशैलिलाई परिवर्तन गरी वैज्ञानिक बनाउनु पर्छ ।

ख) कामदारलाई आफैले काम छान्ने परम्परा छुट्याएर वैज्ञानिक ढंगले कामदारको छनौट गरी छानिएका कामदारलाई तालिम दिने तथा दक्षतापुर्वक काम सिकाउनु पर्छ ।

ग) वैज्ञानिक ढंगबाट काम हुने गरी व्यवस्थापक र कामदार बीच आत्मीय सहयोग , सम्बन्ध र सामजस्यता स्थापित गर्नु पर्छ ।

घ) कामदारलाई कार्यप्रति अधिकतम उपलब्धि हासिल गर्ने ढंगले परिचालन गर्नुपर्छ । वैज्ञानिक ढाँचाले ज्याला निर्धारण गर्नुपर्छ । बढी काम गर्नेलाई बढी ज्याला दिनुपर्छ ।

ङ) कामदार र व्यवस्थापक बीच स्पष्ट कार्य विभाजन हुनु पर्छ । कामदारलाई मात्र दोष दिने र आफु उम्कने परिपाटी त्याग्नु पर्दछ ।

यसरी बैज्ञानिक व्यवस्थापनको सिद्धान्तले उत्पादकत्व र कार्यकुशलता लाई बढाउने समय , थकान , गतिको अध्ययन , फरक ज्याला भुक्तान प्रणाली , दक्ष जनशक्तिको नियुक्ति , र तालिम , समयको सही सदुपयोग जस्ता योगदान वैज्ञानिक व्यवस्थापनको सिद्धान्तले दिएको छ ।

मानव सम्बन्ध सिद्धान्तकाअनुसार यो सिद्धान्त सन १९५० ताका प्रचलित सिद्धान्त हो । मानव सम्बन्धको सिद्धान्तले व्यक्ति पनि व्यवस्थापनको एक अंग हो । समुह संचालन नेतृत्व, उत्प्रेरणा, सहभागिता , सञ्चार , व्यक्तित्व जस्ता मानवीय व्यवहारले व्यवस्थापनलाई सही दिशा बोध गर्दछ । यस सिद्धान्तसँग सम्बन्धित सिद्धान्तकारहरू र उनीहरूको योगदान निम्नानुसार छ ।

George Elton Mayo ( 1880 - 1949 ) काअनुसार सन् १८८० मा अस्ट्रेलियामा जन्मेका Pro. Mayo यिनलाई मानवसम्बन्ध सिद्धान्तका प्रवर्तक ( Founder ) भनिन्छ । Harvard University को अनुसंधान विभागमा २० वर्ष सम्म वरिष्ठ प्रध्यापकको रूपमा काम गरेका यिनले मानविय सम्बन्धलाई विभिन्न अनुसंधनात्मक परीक्षणहरूद्धारा प्रमाणित गर्ने प्रयास गरे । ती परीक्षणहरु मध्ये सन् १९२७ - १९३२ सम्म अमेरीकाको शिकागो Hawthorn Plant भन्ने ठाउँमा Western Electric Company मा उनले २ जना सहयोगीहरू F.J. Roethli / W.J. Dickson सहित गरिएको अनुसंधानलाई ज्यादै उच्च कोटीको मानिन्छ । यस सिद्धान्तको आधारशिलाको रूपमा " Hawthorne Studies or Experiment " लाई लिइन्छ । जसबाट निम्न योगदान पुगेको छ :

क) कर्मचारीको कमजोरी पत्ता लगाई समन्वय र प्रेरणा प्रदान गर्नु पर्छ ।

ख) योग्यता अनुसार नेतृत्व विकास गराउनु पर्छ ।

ग) सांगठनिक क्रियाकलापमा सबैलाई सहभागी गराउनु पर्छ ।

घ) कर्मचारीका दक्षता बढाउन आवश्यक पहल गर्नुपर्छ ।

ङ) कार्यदक्षता बढाउन सामाजिक दक्षता बढाउनु पर्छ ।

च) औपचारीक एवं अनौपचारिक सबै खाले संगठनलाई महत्त्व दिनु पर्छ ।

छ) समुह कार्य कार्यदक्षताको आधारमा गर्नु पर्छ ।

ज) दोहोरो र बास्तविक संचार प्रणाली स्थापित गर्नु पर्छ ।

**Mary Parker Follet ( 1868 – 1933 )** काअनुसार यिनी सन् १८६८ मा अमेरीकाको Boston शहरमा जन्मेकी उनले उत्पादन बढाउन व्यक्तिहरूको भावना र चाहना बुझेर कामदार र प्रशासकहरुबीचको मानविय सम्बन्ध विकास गर्नु पर्दछ । मानविय नाताको स्थापना गरी मनोवैज्ञानिक ढाँचाबाट विभिन्न मनमुटाव, झगडा, कलुपित भावना आदिको समाप्ती गर्नु पर्छ । उनले Creative Experience नामक पुस्तकमा जति धेरै राम्रो सँग समन्वय सम्बन्ध स्थापना गर्न सक्यो त्यति नै राम्रो सम्बन्ध कायम भई काममा स्तरीयता एवं प्रभावकारीता हासिल हुन्छ भन्ने कुरा उल्लेख गर्दै प्रजातान्त्रिक र सहभागितामुलक सिद्धान्तलाई जोड दिइन् । उनका समन्वय सम्बन्धि सिद्धान्तहरू निम्न छन् :-

क)	प्रत्यक्ष सम्पर्कद्धारा समन्वय

ख)	प्रारम्भिक अवस्थामा समन्वय

ग)	सबै अवस्थामा पारस्परिक सम्बन्धको रूपमा  समन्वय

घ)	एक निरन्तर प्रकृयाका रूपमा समन्वय

मास्लोको अभिप्रेरणा सम्बन्धि सिद्धान्तकाअनुसार यस सिद्धान्तलाई आवश्यकतामा आधारित सिद्धान्त Need based theory , Need Priority Theory or hierarchy of need theory पनि भनिन्छ । अब्राहम मास्लोले सन् १९४३ मा मानिसहरू आवश्यकताको श्रृंखलाबाट अभिप्रेरित हुने कुरा उल्लेख गरेका छन् । मानिस सन्तुष्ट हुनको लागि मानिसले खोजिएको कुनै मनोवैज्ञानिक अभाव नै उसको आवश्यकता हो र उक्त आवश्यकता र चाहना पुरा गर्नको लागि मानिस उत्प्रेरित हुने गर्दछ । त्यही आवश्यकता नै मानिसलाई कार्यगराउने उत्प्रेरक तत्त्व हुन् । जनु एक पछि अर्को श्रृंखलाबद्ध रूपमा रहेको हुन्छ ।

उनले आवश्यकताको श्रृंखलालाई निम्न ५ चरणमा प्रस्तुत गरेको छन्  ।

क)	शारिरीक आवश्यकता

ख)	सुरक्षात्मक आवश्यकता

ग)	सामाजिक आवश्यकता

घ)	स्वाभिमानको आवश्यकता

ङ)	आत्मसन्तुष्टीको आवश्यकता

यसरी माथिको आवश्यकताको श्रृंखलाले मानिसलाई प्रत्यक्षरूपमा डोर्‍याएको हुन्छ । जसले मानिसका क्रियाकलापहरू संचालन हुने विभिन्न सघं संस्थामा पनि प्रत्यक्ष प्रभाव पारेको हुन्छ । शिक्षा मानिसको आधारभुत आवश्यकता हो । शिक्षासँग  विद्यालय प्रत्यक्ष संलग्न छ, त्यसैले यससँग सम्बन्धित योजनाहरू पनि कुनै न कुनै रूपमा मानविय आवश्यकताको सिद्धान्त वा मानव सम्बन्धको सिद्धान्त र व्यवस्थापनको वैज्ञानिक सिद्धान्तसँग नै सम्बन्धित रहेको  हुन्छन् । त्यसैले यस अध्ययनलाई  सकेसम्म यिनै  सिद्धान्तहरूसँग जोडेर अध्ययन गर्ने प्रयास गरिएको छ  ।

## २.२ सम्बन्धित साहित्यको पुनरावलोकन

यस अध्ययनसँग मिल्ने खालका प्रर्याप्त सामाग्रीहरू पनि विद्यालय सुधार योजना लागु गराउनमा भुमिका खेल्ने शिक्षा आयोगका प्रतिवेदनहरु , विद्यालय सुधार योजनासँग सम्बन्धित सोधपत्र र सम्बन्धित केहि लेखकहरूलाई सम्बन्धित साहित्यको अध्ययनको रूपमा लिइएको छ ।

नेपालको राष्ट्रिय शिक्षा आयोग २०११ को प्रतिवेदनले गरेका सिफारिसहरू मध्ये विकेन्द्रिकरणको सिद्धान्त पनि एक हो । जसलाई यसरी उल्लेख गरिएको छ , केन्द्रिय देखी स्थानियतह सम्म प्रशासनिक निकाय तथा प्रबन्ध समितिलाई पुन : सङ्गठित गरी प्रशासन र निरीक्षणलाई आधुनिक तथा प्रजातान्त्रिक पद्धति र विकेन्द्रिकरणलाई प्रत्याभूत गर्न सक्ने बनाइनु पर्दछ ।

त्यसैगरी नेपालमा शिक्षा २०११ राष्ट्रिय शिक्षा योजना आयोगको सिफारिस संख्या ९ मा यसरी उल्लेख गरिएको छ, ठुलो परिमाणमा विकेन्द्रिकरण सहित आधुनिक प्रजातान्त्रिक चलनहरूसित मिल्दो पार्न मन्त्रालयदेखी लिएर तलका स्थानिय प्रबन्ध समिति सम्म प्रबन्धीय र रेखदेखका समितिहरूको नयाँक्रमको लागि आयोग सिफारिस गर्दछ । शिक्षाले चाँडो फैलनु छ भने गाउँका जनतादेखी फस्टाउनु पर्दछ । स्थानिय समितिहरूले ठुलो मात्रामा जिम्मेवारी स्वीकार नगरेसम्म आयोगले सिफारिस गरेका कार्यक्रमहरु पुरा गर्न केन्द्रिय सरकारसँग नत जनबल छ नत धनबल नै । यसै कारणले विकेन्द्रिकरण आवश्यक छ यो बुद्धिमान र लोकतान्त्रिक पनि छ । खास गरेर निम्नतम स्तरको चल्तीलाई बलियो पार्न केन्द्रिय मन्त्रालयले नेतृत्व निर्देशन र रेखदेख गर्नुपर्छ , तर स्थानिय मन्त्रालयले नेतृत्व निर्देशन र रेखदेख गर्नुपर्छ , तर स्थानिय शासक र प्रबन्ध समितिले नीति स्पष्ट गरेर प्रत्येक पाठशालाको सञ्चालन गर्ने सिद्धान्तहरूको प्रयोग गर्नु पर्छ, ( शर्मा, २०५९ ) ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ ले विद्यालय व्यवस्थापन समितिलाई सवल बनाउन निम्नानुसारका अधिकारहरू दिइनु पर्ने उल्लेख गरेको छ : “व्यवस्थापन समितिलाई भौतिक

सुविधा जुटाउने विद्यालयसम्बन्धी सरुवा , बढुवाको सिफारिस गर्ने अधिकार दिनु पर्दछ ” ( खतिवडा २०६२ : १६ ) ।

त्रिभुवन विश्वविद्यालय शिक्षा विकास तथा अनुसंधान केन्द्र फर्मेटिभ अनुसंधान परियोजनाद्धारा वि.सं. २०६० मा प्रकाशति पुस्तिकामा : शैक्षिक क्षेत्रमा विकेन्द्रिकरण सुधार प्रकृया संचालनका लागि आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रमले अधिराज्यका ५ जिल्लामा परीक्षण कार्यक्रमको रूपमा विद्यालय सुधार योजना प्रारम्भ गरेको छ । यस प्रयास अन्तर्गत स्थानिय तहबाट योजना निर्माण, त्यसको व्यवस्थापन सञ्चालन तथा अनुगमन होस् भन्ने अभिप्रायले तलबाटै गरिने योजना अनुरूप लघु योजना प्रकृयाको थालनी गरिएको थियो । वास्तवमा विद्यालयले सिकाई उपलब्धिको अवधारणालाई कार्यन्वयनमा ल्याउनका साथै योजना निर्माण र कार्यान्वयनको जिम्मेवारी स्थानिय विद्यालय र समुदायलाई प्रदान गरी सुधारका प्रयासहरूलाई मुर्त रूप दिन्छ ( शिक्षा विभाग , २०६० ) ।

खतिवडा ( २०६२ ), ले त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विभाग महेन्द्र रत्न क्याम्पस ताहचल काठमाण्डौमा निज विद्यार्थीले प्रस्तुत गर्नु भएको शोधपत्रमा विद्यालय सुधार योजना र सिकाई उपलब्धि बीच प्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । विद्यालयको समग्र विकास भएमा सिकाई उपलब्धिमा स्वत सुधार आउछ भन्ने मान्यताले योजनालाई डोऱ्याएको पाइन्छ । भन्दै अध्ययनको क्रममा शोधकर्ताले निम्न निष्कर्षहरू पेश गर्नु भएको छ :-

क) विद्यालयको उन्नतीको लागि सिर्जना गरेतापनि सबै सरोकारवालालाई संलग्न गराई योजना प्रभावकारी बनाउन अझै सकेको छैन ।

ख) विद्यालयको भौतिक र आर्थिक व्यवस्थापन गर्नेमा केहि हदसम्म सफल भएको देखिएतापनि शैक्षिक उपलब्धि बृद्धि गर्ने खालका कार्यक्रमहरूलाई विशेषरूपमा समेटिन सकेको छैन ।

ग) विद्यालयले बनाएका योजनाहरु महत्त्वकाक्षीं छन भने उपलब्धि स्तर नयुन छ ।

घ) गरीब तथा विपन्न वर्ग र श्रमिक वर्गका छोराछोरीहरूको मात्र सामुदायिक

विद्यालयहरूमा सहभागिता बढीमात्रामा देखिएकोले पनि सिकाई उपलब्धि न्यून भएको हुनसकछ ।

ङ) विद्यार्थीहरूको नियमित उपस्थिती न्यून हुनु , शैक्षिक सत्र भरिमा तोकिएको दिनसम्म विद्यालय संचालन हुन नसक्नु , विविधखाले बन्द हड्तालको असर विद्यालयमा पर्नु पनि सिकाई उपलब्धि न्यून हुनका तत्त्वहरू हुन् (खतिवडा , शोधपत्र २०६२ को निष्कर्षबाट )

आर्थिक वर्ष २०६० / २०६१ मा शिक्षा मन्त्रालय शिक्षा विभाग सानो ठिमी भक्तपुरले नेपालको ५ वटा विकास क्षेत्रका हिमाल , पहाड र तराई जस्ता सबै भौगोलिक विकटताहरुलाई आधारमानी शहरी एवं ग्रामिण क्षेत्रका विद्यालयलाई समेटी गरेको अध्ययनले कक्षा ४ र ५ को गणित र अंग्रेजी विषयको विषयगत उपलब्धि निम्न अनुसार प्रस्तुत गरेका छ ।

**गणित**

भौगोलिक क्षेत्रको अवस्था हेर्दा पनि उस्तै देखिन्छ । हिमाली क्षेत्रको औषत उपलब्धि २२.०४% मात्रै छ । काठमाडौं उपत्यकाको उपलब्धि स्तर भने ४१.९३% रहेको छ । गणित विषयमा ग्रामिण र शहरी क्षेत्रका विद्यालयको छात्र र छात्राको शैक्षिक उपलब्धिमा खासै भिन्नता रहेन । यसलाई एउटा प्रगतिको संकेतको रूपमा हेरिएको छ ।

**अंग्रेजी :-**

क्षेत्रिय हिसाबमा मध्यपश्चिमाञ्चलको सबै भन्दा कम ३३.५४% औषत उपलब्धि रहयो भने सबै भन्दा बढी ल्याउने मध्यमाञ्चलको औषत उपलब्धि ५२.०५% रहयो । सुदुर पश्चिमाञ्चलको औषत उपलब्धि ३५.५७% रहेको पाइयो । उक्त उपलब्धि खासै राम्रो रहेन । भौगोलिक दृष्टिकोणले पनि हिमाली भेगको औषत उपलब्धि ३३.२४% छ भने काठमाडौ उपत्यकाको सबैभन्दा बढी ६२.१२% ल्याउने गरेको क्षेत्रको रूपमा देखियो । पहाडी र तराई क्षेत्रको उपलब्धि यसैका बिचमा रहयो । यस बिचमा पनि ग्रामिण र शहरी विद्यालयका छात्रछात्राको औषत उपलब्धिमा खासै भिन्नता रहेन ।

यसरी गरिएको अनुसन्धान एवं अध्ययनले ग्रामिण र शहरी विद्यालयका छात्रछात्रा बीचमा भएको सिकाई उपलब्धिको खाँडल साघुरो हुदै गएको , पुर्व प्राथमिक शिक्षा , पाठय सामग्रीको उपलब्धता , थप पाठयसामग्रीको प्रयोग , कक्षाकोठामा उपयुक्त बस्ने ठाउँ, योग्य शिक्षकले विद्यार्थीको उपलब्धिमा उल्लेख्य योगदान पुऱ्याउने गरेको साथै क्षेत्रिय र भौगोलिक स्तरमा शैक्षिक उपलब्धिमा भिन्नता भएको पाइन्छ । विगतको तुलनामा अहिले यसमा पनि सुधार भएको पाइन्छ, नेपाली , गणित र अंग्रेजीमा भएको शैक्षिक उपलब्धि प्रयाप्त छैन, यसमा अझै सुधारको आवश्यकता छ भनि निष्कर्ष दिदै शैक्षिक सुधारका निम्न सुझावहरू प्रस्तुत गरेको छ ।

अहिले सम्म प्राप्त गरेका शैक्षिक सुधारलाई समायोजन गर्नु पर्ने, यस अध्ययनले पहिचान गरेको सिकाई उपलब्धिमा महत्त्व दिदै शैक्षिक सुधारका योजनाहरू बनाउनु पर्ने, नेपालका विभिन्न तहका विद्यार्थीहरूलाई आधारभुत सिकाई उपलब्धिको आवश्यकताको पहिचानका निम्ति एक कार्यदल गठन गरी अध्ययन गर्नु पर्ने, ( शिक्षा विभाग २०६१ ) ।

## २.३ पुनरावलोकनको उपादेयता

अध्ययन कार्यलाई अधि बढाउनु पुर्व नै सम्बन्धित विषय तथा क्षेत्रमा कुन कुन साधन र सामग्री एवं विधिको प्रयोग गरी के कति अध्ययन एवं अनुसंधान गरेर सुझावहरू दिइएको पाइन्छ , सोको वृहत अध्ययन एवं समिक्षागरिनु पर्दछ । पूर्वसहित्य समिक्षाले सम्बन्धित विषयमा पहिले भएका खोजको मुल्याङ्कन गर्नुका साथै विभिन्न विषयमा समय समयमा प्रकाशित अनुसंधानात्मक लेख रचना प्रतिवेदन तथा जर्नलहरूले अध्ययनकर्तालाई सम्बन्धित क्षेत्र एवं विषयबस्तुको सन्दर्भमा विशेष सहयोगी भुमिका निर्वाह गरी विभिन्न समस्या समाधान गर्न सक्ने सीप प्रदान गर्नुका साथै नयाँ नयाँ सिद्धान्तहरू प्रतिपादन गर्ने एवं नयाँ प्रविधिको परिक्षण तथा प्रयोगको माध्यमद्धारा शैक्षिक एवं विविध क्षेत्रमा नयाँ खोज तथा प्रवर्तन गर्नुका साथै यस्ता अध्ययनले अनुसंधानलाई सहि निष्कर्षमा पुऱ्याउनका लागि नयाँ साहित्यहरूको खोजपुर्ण

अध्ययन गरी त्यसका आधारमा आफ्नो अनुसंधानलाई विल्कुलै नयाँ , अर्थपुर्ण र समस्याकेन्द्रित बनाउन सकिन्छ ।

यसरी आफ्नो अध्ययनसँग सम्बन्धित रहेर विभिन्न सिद्धान्त एवं पुर्व साहित्यहरूको अध्ययनले विषयवस्तुलाई गहिरिएर बुझ्न सहयोग पुऱ्याउनुका साथै अध्ययन गर्न लागिएको विषयवस्तुको उठान, त्यस सँग सम्बन्धित समस्या र समस्या समाधानका विविध उपायहरूलाई गहनतम रूपमा केलाउन पनि सहयोग प्रदान गर्दछ । अध्ययन गर्न लागिएको विषयसँग सम्बन्धित रहेर गरिएको पूर्व अध्ययन र अध्ययन बिचको समाञ्जस्यता , विभेदीकरण एवं सामान्यीकरण गर्न सकिने विषयहरू र थप अन्य विविध पक्षहरूमाथि अध्ययन गर्न सघाऊ पुऱ्याउछ । त्यसै गरी पूर्व अध्ययन एवं अनुसन्धानले पुर्णता दिन नसकेका कतिपय समस्याहरुलाई यस प्रकारको अध्ययनले पुर्णता दिन सघाउँछ ।

समग्रमा भन्नु पर्दा पूर्वसाहित्यको अध्ययनबाट निम्न कुरामा अध्ययनकर्तालाई सहयोग पुग्छ :-

क) आफुले गर्न लागेको अध्ययनको विषयसँग सम्बन्धित रहेर पहिले के कस्तो अध्ययन भएको र सो सम्बन्धमा पूर्ववर्ती अध्ययनकर्ताको धारणा कस्तो छ बुझ्न सकिन्छ ।

ख) आफ्नो अध्ययन पूर्ववर्ती अध्ययन भन्दा के कस्तो रूपमा भिन्न छ भन्ने कुरा देखाउदै आफ्नो अध्ययनको औचित्य पुष्टि गर्दछ ।

ग) आफ्नो अध्ययनमा पूर्ववर्ती अध्ययन भन्दा के कस्ता नयाँ प्रविधि , विधि एवं साधनहरूको प्रयोग गरी अध्ययन गर्न सकिन्छ सो को पहिचान गर्न मद्दत गर्छ ।

घ) यस किसिमका अध्ययनले अध्ययन कर्तालाई अध्ययन सँग सम्बन्धित विषयमा स्पष्टता प्रदान गर्दछ ।

ङ) आफुले गर्न लागेको अध्ययनसँग सम्बन्धित विविध पक्षलाई यसले दिशा निर्देशन गर्दछ ।

च) यसले अध्ययनकर्तालाई विविध पूर्व अध्ययनहरूलाई केलाउन मद्दत गरी विशेष योगदान प्रदान गर्दछ ।

# परिच्छेद तीन : अध्ययनको विधि

## ३.१ अनुसन्धानको ढाँचा

यस अध्ययनको लागि परिमाणात्मक तथा गुणात्मक दुवै प्रकारका तथ्याङ्क एवं सुचनाहरूको आवश्यकता भएकोले दुवै प्रकारका तथ्याङ्कहरू संकलन गरिएको छ । शिक्षण सिकाईमा सिकाइ उपलब्धि सँग सम्बन्धित तथ्याङ्क एवं सुचनाहरू वि.व्य.स. का पदाधिकारीहरु, प्र.अ. शिक्षक, श्रोत व्यक्ति तथा अभिभावकहरूका अनुभव एवं धारणाहरूलाई आवश्यक प्रश्नावली , छलफल , भेटघाटको माध्यमबाट तथ्याङ्क लिने कार्य गरिएको थियो भने सिकाई उपलब्धिमा सुधार आए नआएको विश्लेषण तथा लेखाजोखा एवं तुलना गर्न छनौटमा परेका सबै विद्यालयहरूमा अध्ययनकर्ता आफै गई आवश्यक कक्षाको परीक्षा नतिजा लाई मार्क लेजरबाट लिने काम भएको थियो । यस अध्ययनको क्रममा प्राथमिक तथ्याङ्क लाई नै प्राथमिकता दिई अध्ययनलाई बढी बस्तुगत र विश्वसनिय बनाउने प्रयास गरिएको छ ।

## ३.२ तथ्याङ्क संकलन प्रकृया

अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क निम्न प्रकृयाहरु अवलम्बन गरी संकलन गरिएका थियो ।

**क) जनसंख्या**

यस अध्ययनका लागि मोरङ जिल्लाको दादरबैरिया श्रोत केन्द्र अन्तर्गतका ३२ वटा सामुदायिक विद्यालय र ती सामुदायिक विद्यालयको प्राथमिक तहमा कार्यरत २० जना शिक्षक / शिक्षिका र १ जना श्रोत व्यक्ति , प्राथमिक तहमा अध्ययनरत छात्र ९९२ छात्रा १०२९ गरी जम्मा २०२१ जना विद्यार्थी वि.व्य.स. पदाधिकारी एवं अभिभावकहरू लाई जनसंख्याको रूपमा लिइएको छ ।

**ख) नमुनाको आकार**

यस अध्ययनमा सिमित श्रोत र साधन एवं समयको अभाव तथा भौगोलिक बनावटमा निकै फैलिएको श्रोत केन्द्र भएका कारण ३२ वटा विद्यालय मध्ये ५ वटा प्राथमिक विद्यालयलाई मात्र Purposive Sampling का आधारमा छनौट गरी त्यस सँग सम्बन्धित निम्नानुसारको जनसंख्यालाई छनौट गरिएको थियो ।

**तालिका नं. १**

**अध्ययनको जनसंख्या**

| क.सं. | विवरण | संख्या | | जम्मा |
|---|---|---|---|---|
| | | महिला | पुरुष | |
| १. | श्रोत व्यक्ति | - | १ | १ |
| २ | प्र.अ. | | १० | १० |
| ३ | शिक्षक | ९ | ११ | २० |
| ४ | वि.व्य.स. अध्यक्ष | - | ५ | ५ |
| ५ | वि.व्य.स.सदस्य | ५ | ५ | १० |
| ६ | अभिभावक | १० | १५ | २५ |
| ७ | विद्यार्थी | ७ | ५ | १२ |
| | जम्मा | ३१ | ५२ | ८३ |

**श्रोत : स्थलगत अध्ययन , २०६७**

### ग) नमूना छनौट विधि

अध्ययनका लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि दादरवैरिया श्रोत केन्द्र अर्न्तातका ३२ वटा विद्यालय मध्ये उद्देश्यमुलक नमुना छनौट विधिका आधामा ५ वटा विद्यालयहरू छनौट गरिएको थियो । ती विद्यालयसँग सम्बन्धित शिक्षक र अभिभावकहरूलाई उद्देश्यमूलक नमूना छनोट विधि अपनाई छनौट प्रक्रिया गरियो, भने प्र.अ., वि.व्य.स.अध्यक्ष/सदस्य एवं श्रोत व्यक्तिहरुलाई गुणात्मक आधारमा छनौट गरी तयार पारिएको प्रश्नावलीका आधारमा आवश्यक प्राथमिक तथ्याङ्क संकलन गरिएको थियो । त्यसैगरी विद्यालयको अभिलेखबाट प्राप्त तथ्याङ्कहरुलाई तथा मार्कसलेजरबाट प्राप्त परीक्षाको नतिजालाई औषत गणना गरी सहायक तथ्याङ्कको रूपमा प्रयोग गरिएको छ ।

## ३.३ नमूना छनौटका आधारहरू

मोरङ्ग जिल्लाको दादरवैरिया श्रोत केन्द्र अन्तर्गत यस श्रोत केन्द्रका विद्यालयहरूमा भगवती प्रा.वि., दुर्गा प्रा.वि., वेनी प्रा.वि., कालिका प्रा.वि. , अमर लक्ष्मी प्रा.वि. हुन जुन विद्यालय यस श्रोत केन्द्र अर्न्तगतका विद्यालयहरूको बस्तुस्थिति एवं जनसंख्या सँग केहिहदसम्म परिचित भएको कारणले गर्दा अध्ययनलाई सम्बन्धित व्यक्तिहरूसँग मात्र समिति राखी बढि वस्तुगत र व्यवहारिक बनाउनको लागि सहि सुचना प्राप्त गर्ने Purposive Sampling का आधारमा ५ वटा विद्यालय छनौट गर्न बाध्य हुन पुगियो । त्यसै गरी समय श्रोत र साधनको कमीका बनाउन छनौटमा परेका विद्यालयका सम्पुर्ण जनसंख्या समक्ष पुग्न नसकि Random Sampling को आधारमा माथिको तालिका नं. ३.२ मा उल्लेखित जनसंख्यालाई मात्र अध्ययनमा समेटिएको छ ।

## ३.४ अनुसन्धानका साधनहरू

अध्ययनका क्रममा निम्न अनुसन्धानका साधनहरूको प्रयोग गरी तथ्याङ्क संकलन गरिएको थियो ।

**क) छलफल अन्तरवार्ता**

अध्ययनकर्ताको नमुनामा परेका सबै विद्यालयहरूमा पुगी त्यससँग सम्बन्धित शिक्षक, प्र.अ., वि.व्य.स. पदाधिकारीहरू र अभिभावकहरूसँग बसी आवश्यकता र परिस्थितीअनुसार कुनै विद्यालयमा व्यक्तिगत भेटघाटको माध्यम र कुनै विद्यालयमा सामुहिक भेटघाटको माध्यमबाट विषयवस्तुमा केन्द्रित भई छलफल चलाईएको थियो ।

**ख) प्रश्नावली**

अध्ययनकर्ताले अध्ययनका लागि चार प्रकारका प्रश्नावली फाराम निर्माण गरी श्रोत व्यक्ति , प्र.अ. ⁄शिक्षक , वि. व्य.स. अध्यक्ष ⁄ सदस्य र अभिभावकहरूलाई छुट्टाछुट्टै प्रश्नावली फाराम भर्न लगाई तथ्याङ्क एवं प्रतिक्रियाहरू संकलन गरिएको थियो । प्रश्नावली निर्माण गर्दा खुल्ला र बन्द प्रश्नावलीलाई समिश्रण गरि निर्माण गरिएको थियो

(प्रयोग गरिएका प्रश्नावलीलाई अनुसुची १ , २ , ३ र ४ मा राखिएको छ ।

**ग) औसत सिकाई उपलब्धि फाराम**

अध्ययनको क्रममा अध्ययन कर्ताले सिकाई उपलब्धि सँग सम्बन्धित रहेर अध्ययन गर्नका लागि औषत सिकाई उपलब्धि फारामको निर्माण गरी छनौटमा परेका सबै विद्यालयहरूमा अध्ययनकर्ता स्वयं पूगी विद्यार्थीको मुल्याङन अभिलेख (Marks Ledger ) बाट अंक गणना गरी औषत सिकाई उपलब्धि फाराम भरिएको थियो ( प्रयोग गरिएको औषत उपलब्धि फारामलाई अनुसुची ५ मा देखाईएको छ ।

## ३.५ तथ्याङ्कका श्रोतहरू

अध्ययनका लागि आवश्यक पर्ने सुचना एवं तथ्याङ्कहरूलाई निम्न श्रोतहरूबाट संकलन गरिएको थियो ।

**क) प्राथमिक श्रोत**

अध्ययनका लागि आवश्यक पर्ने सुचना एवं तथ्याङ्कहरू श्रोत व्यक्ति , विद्यालय व्यवस्थापन समितिका पदाधिकारी , प्रधानाध्यापक , शिक्षक एवं अभिभावकहरूलाई प्राथमिक श्रोतको रूपमा लिई प्राथमिक तथ्याङहरू संकलन गरिएको थियो ।

**ख) द्धितीय श्रोत**

अध्ययनका क्रममा आवश्यक पर्ने तथ्याङ्क एवं सुचनाहरू विद्यालयको अभिलेख अध्ययन , श्रोत केन्द्रको अभिलेख अध्ययन , Flash – I २०६७, Flash – II २०६८ , जि.शि.का. मोरङको बुलेटिन, विभिन्न पत्रपत्रिका तथा सन्दर्भ पुस्तकहरुलाई सहायक श्रोतको रूपमा लिई सहायक तथ्याङ्क सकंलन गरिएको छ ।

## ३.६ तथ्याङ्कको विश्लेषण प्रकृया

यस अध्ययनको उद्देश्य पुरा गर्न गुणात्मक एवं परिमाणात्मक दुवै प्रकृतिका तथ्याङ्क र सुचनाहरू सकंलन गरिएको थियो । सकंलन गरिएको तथ्याङ्क र सुचनाहरूलाई तिनीहरूको प्रकृतिका आधारमा वर्गीकरण गुरी ग्राफ र चार्टमा प्रस्तुत गरी उद्देश्यअनुसार तिनीहरुको विश्लेषण गरियो । सिकाई उपलब्धिको तुलना गर्न शै.स. २०६४ देखी शै.स. २०६७ सम्ममा कक्षा ४ र ५ का विद्यार्थीहरूले गणित र अंग्रेजी विषयमा प्राप्त गरेको सिकाई उपलब्धिको औषत गणना गरी श्रोत केन्द्रको औषत सिकाई उपलब्धि पत्ता लगाइयो । औषत उपलब्धि प्राप्त भएपछि तिनको आधारमा ग्राफ र चार्ट बनाई त्यसको प्रभावकारिता र समस्यासँग सम्बन्धित तथ्याङ्कहरूलाई गुणात्मक विधिको प्रयोग गरेर विश्लेषण गरियो ।

# परिच्छेद चार : तथ्याङ्कको विश्लेषण र प्रस्तुतिकरण

यस  अध्ययनका लागि संकलन गरिएको तथ्याङ्क , सूचना , धारणा र सिकाई उपलब्धिलाई क्रमैसँगै उपयुक्त तालिकाको प्रदर्शन, विश्लेषण र व्याख्या निम्नअनुसार गरिएको छ ।

## ४.१ प्राथमिक तहका विद्यार्थीको सिकाई उपलब्धिको अवस्था

विद्यालयको प्रमुख कार्य भनेको नै प्रभावकारी ढंगले शिक्षण सिकाई क्रियाकलाप संचालन गरी अपेक्षित उद्देश्य प्राप्त गर्नु हो । आफ्नो सेवा क्षेत्रमा रहेका विद्यालयमा जाने उमेर समुहका बालबालिकालाई विद्यालयमा भर्ना गरी स्तरिय शिक्षण प्रद्धति अपनाएर सबै विद्याथीलाई उतिर्ण गराउने विद्यालयको प्रमुख उद्देश्य रहेको हुन्छ  ।  विद्यार्थीको सिकाई स्तर उच्च रह्यो भने मात्र उतिर्ण प्रतिशत पनि उच्च रहन्छ । विद्यार्थीको सिकाई स्तर मापन एवं मूल्याङ्कन गर्न विद्यालयले विभिन्न परीक्षा र मूल्याङ्कनका कार्यक्रमहरू संचालन गर्दछ । विद्यार्थीले प्राप्त गरेको ज्ञान , सिप र अभिबृद्धिको मापन  गर्ने प्रमुख साधन नै परीक्षा हो । परीक्षामा प्राप्त गरेको अंकको आधारमा नै विद्यार्थीहरूको स्तरिकरण गरिन्छ । उच्च अंक प्राप्त गर्नेलाई क्रमश प्रथम , द्धितिय र तृतिय श्रेणीमा राखिन्छ भने त्यसरी नै सबैको क्रम निर्धारण गरिन्छ । त्यस्तै विद्यार्थीहरूले परीक्षामा प्राप्त गरेको अंकको आधारमा उनिहरूको श्रेणी निर्धारण गरिन्छ । प्रवेशिका परीक्षा (S.L.C.) को श्रेणी स्तरलाई आधार मानी विद्यालय तहको परीक्षामा पनि श्रेणी निर्धाण गर्ने परम्परा एवं चलन रहेको छ । सो अनुसार ३२ प्रतिशतदेखि ४५ प्रतिशत भन्दा कमलाई तृतिय श्रेणी , ४५ प्रतिशतभन्दा बढी देखी ६० प्रतिशत भन्दा कमलाई द्धितिय श्रेणी , ६० प्रतिशत भन्दा बढी देखी ७५ प्रतिशतभन्दा कमलाई प्रथम श्रेणी र ७५ प्रतिशतभन्दा बढी प्राप्ताङ्क ल्याउनेलाई विशिष्ठ श्रेणीको रूपमा राखिन्छ ।

पाठ्यक्रमले तोकेको सिकाई उपलब्धिहरू जति बढीमात्रामा विद्यार्थीहरूले ग्रहण गर्न सकेको छन् , त्यति नै मात्रामा विद्यालयको नतिजा राम्रो हुन्छ । विद्यालयको शैक्षिक  कार्यक्रमहरूले सबै विद्यार्थीहरूलाई माथिल्लो कक्षामा उतिर्ण गराउने लक्ष्य लिएका हुन्छन् । विद्यालयको व्यवस्थापनलाई सुधार गरी सिकाई उपलब्धिमा सुधार ल्याउनका लागि दादरवैरिया स्रोत

केन्द्रको विद्यालय सुधार योजनाको प्रमुख उद्देश्य भनेको विद्यार्थीको सिकाई उपलब्धिमा सुधार ल्याउनु हो । त्यस उद्देश्यअनुसारको प्रभाव हेर्नलाई यो अध्ययन गरिएको हो । शिक्षक वि.व्य.स.का पदाधिकारी र अभिभावकहरूका विचार लिनुका साथै भनाई र गराईमा के कति फरक छ । भन्ने कुरालाई हेर्न प्राथमिक तहको वि.सं. २०६४ साल देखी वि.सं. २०६७ साल सम्मको विद्यार्थीले प्राप्त गरेको अंग्रेजी र गणित विषयको श्रोत केन्द्र स्तरिय औषत प्राप्ताङ्कलाई तुलना गरिएको छ ।

### ४.१.१ सिकाई उपलब्धिको विश्लेषण

शैक्षिक सत्र २०६४ देखी २०६७ सम्मको दादरवैरिया श्रोतकेन्द्रको श्रोत केन्द्र स्तरीय औषत सिकाई उपलब्धिलाई हेर्दा निम्नानुसार पाइयो ।

**तालिका नं. - २**

**विषयगत औषत प्राप्ताङ्क**

**शै.स. २०६४ देखी २०६७**

**दादरवैरिया श्रोत केन्द्र मोरङ्**

| क.सं. | शैक्षिक सत्र | विषयगत औषत प्राप्ताङ्क | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कक्षा - ४ | | कक्षा - ५ | | |
| | | अंग्रेजी | गणित | अंग्रेजी | गणित | |
| १ | २०६४ | ४१ | ३७ | ४० | ३६ | दशमलवको आधारमा शुन्यान्तर गरिएको |
| २ | २०६५ | ३९ | ३८ | ४१ | ३९ | |
| ३ | २०६६ | ४२ | ४४ | ४१ | ४१ | |
| ४ | २०६७ | ४३ | ४४ | ४४ | ४४ | |


**श्रोत : स्थलगत अध्ययन २०६७**

माथिको तालिकाअनुसार शैक्षिक सत्र ( २०६४ , २०६५ , २०६६ , २०६७ ) को कक्षा ४ को अंग्रेजी विषयको औषत प्राप्ताङ्क क्रमश : ४१ , ३९ , ४२ , ४३ र कक्षा ५ को अंग्रेजी विषयको औषत प्राप्ताङ्क क्रमश : ४० , ४१ , ४१ , ४४ पाइयो । त्यसैगरी सोही शैक्षिक सत्रहरूको कक्षा ४ को गणित विषयको औषत प्राप्ताङ्क क्रमश : ३७ , ३८ , ४४ , ४४ र कक्षा ५ को गणित विषयको औषत प्राप्ताङ्क क्रमश : ३६ , ३९ , ४१ , ४४ पाइयो ।

माथिको तालिकालाई तलको रेखा चित्रको सहयोग लिई अझ स्पष्ट पार्न सकिन्छ ।

**तालिका नं. २ (क)**


**कक्षा ४ को गणित र अंग्रेजी विषयको औषत प्राप्ताङ्क**




शैक्षिक सत्र

**तालिका नं. २ (ख)**

**कक्षा ५ को गणित र अंग्रेजी विषयको औषत प्राप्ताङ्क**




**शैक्षिक सत्र**

माथि उल्लेखित प्राप्ताङ्कलाई अध्ययन गर्दा शैक्षिक सत्र २०६४ २०६५ २०६६ र २०६७ को औषत प्राप्ताङ्क निम्न अनुसार पाइयो ।

**तालिका नं. ३**

**विषयगत औषत प्राप्ताङ्क**

| कक्षा | विषयगत औषत | | कैफियत |
|---|---|---|---|
| | अंग्रेजी | गणित | |
| ४ | ४१.२५ | ४०.७५ | |
| ५ | ४१.५० | ४० | |

**स्रोत : विद्यालय अभिलेख ०६७**

माथिको तालिकाअनुसार शैक्षिक सत्र २०६४ देखी २०६७ को कक्षा ४ को अंग्रेजी र गणित विषयको औषत प्राप्ताङ्क क्रमश : ४१.२५ , ४०.७५ र कक्षा ५ को अंग्रेजी र गणित विषयको औषत प्राप्ताङ्क ४१.५० र ४० पाइयो । जुन कुरा राष्ट्रिय उपलब्धि मापन २०६५ को औषत उपलब्धि ३३.२४% देखाएको भन्दा बढी पाइयो । जसलाई अत्यन्त सकारात्मक मान्न सकिन्छ ।

### ४.१.२ वालवालिकाको सिकाई उपलब्धि कमजोर हुनुको कारण

वालवालिकाको सिकाईलाई कुनै एक तत्त्वले मात्र प्रभाव गर्दैन । सिकाईलाई उसको घरपरिवार , विद्यालय , समाज , विद्यार्थीको शारिरीक , मानसिक स्थिति आदिले प्रभाव पार्दछ । यहि कारणले कोही विद्यार्थीको उपलब्धि राम्रो हुन्छ । भने कसैको नराम्रो हुने गर्दछ । वालवालिकाको उपलब्धिलाई कमजोर बनाउने तत्त्व मध्ये सबैभन्दा बढी प्रभाव पार्ने तत्त्वको सन्दर्भमा छनोटमा परेका प्र.अ., शिक्षक, अभिभावकलाई भराइएको प्रश्नावलीबाट निम्न नतिजा आएको थियो । जसलाई तालिकामा देखाई ब्याख्या गर्ने प्रयास गरिएको छ ।

**तालिका : ४ वालवालिकाको सिकाई उपलब्धि कमजोर हुनुको कारण**


| कारण | प्र.अ. | शिक्षक | वि.व्य.स.का पदाधिकारी /अभिभावकहरु, | जम्मा |
|---|---|---|---|---|
| आर्थिक अवस्था | २ | ७ | २० | २९ |
| दिमागको कारण | - | ५ | १० | १५ |
| विद्यार्थीको लगनशिलता | ३ | ८ | २ | १३ |
| शिक्षक तालिम | - | - | ३ | ३ |
| जम्मा | ५ | २० | ३५ | ६० |

**प्रश्नावलीबाट प्राप्त नतिजा , २०६७**

माथिको तालिकामा प्र.अ. , शिक्षक , अभिभावकहरुलाई सिकाई कमजोर हुने कारणहरू के के होलान् ? भन्ने प्रश्नमा २ जना प्र.अ.ले आर्थिक अवस्था ३ जनाले विद्यार्थीको लनगशिलताले भन्ने जवाफ दिएको पाईयो भने सोही प्रश्न शिक्षकलाई गर्दा २० जना मध्ये ७ जनाले आर्थिक अवस्था , ५ जनाले दिमागको कारण र ८ जनाले विद्यार्थीको लगनशिलताले भन्ने जवाफ प्राप्त भयो भने ३५ जना वि.व्य.स. पदाधिकारी र अभिभावकलाई सोहि प्रश्न गर्दा २० जनाले आर्थिक अवस्था १०, जनाले दिमागको कारण , २ जनाले विद्यार्थीको लगनशिलता र ३ जनाले शिक्षक तालिमले भन्ने जवाफ दिएको पाइयो । समग्रमा हेर्दा जम्मा ६० जना मध्ये २९ जनाले आर्थिक अवस्था भन्ने पक्षमा देखिन्छन् भने दिमागको कारणहरूमा १५ जना र विद्यार्थीको लगनशिलतामा १३ जना र अन्यमा ३ जना रहेको देखिन्छ । भने ४८३३ प्रतिशतभन्दा बढीले चाँही आर्थिक अवस्थाले शिक्षण सिकाई क्रियाकलापले सिकाई उपलब्धिमा प्रभाव पार्ने पक्षमा रहेको देखिन्छ ।

माथिको तालिकालाई अझ प्रष्ट पार्न तलको वृतचित्रमा देखाउने प्रयास गरिएको छ।

चित्र : १ वालवालिकाको सिकाई उपलब्धि कमजोर हुनुको कारण ।




माथिको तालिकालाई वृतचित्रमा देखाउदा आर्थिक अवस्थाले सिकाई उपलब्धि कमजोर हुन्छ, भन्नेहरूको प्रतिशत ४८.३३% र अन्य कारणले बताउनेहरू कम रहेको देखिन्छ। धेरै प्र.अ., शिक्षक र अभिभावकले आर्थिक अवस्थालाई नै उपलब्धिको निर्धारक तत्व मानेको देखिन्छ। प्रत्यक्ष सम्बन्ध रही सिकाई उपलब्धि बढाउनमा विद्यालय सुधार योजनाले महत्त्वपुर्ण भुमिका निर्वाह गरेको पाइन्छ। जसलाई सकारात्मक र उत्साहजनक सम्बन्धको रूपमा लिन सकिन्छ।

## ४.२ सिकाई उपलब्धिमा सिकाई क्रियाकलापको प्रभावकारिता

अध्ययनकर्ताले सिकाई उपलब्धिमा सिकाई क्रियाकलापको कार्यान्वयनको प्रभावकारीतासँग सम्बन्धित रहेर अध्ययन गर्नका लागि छनौटमा परेका श्रोतव्यक्ति , वि.व्य.स. पदाधिकारी, प्र.अ. / शिक्षकहरू एवं अभिभावकहरू माझमा स्वयं उपस्थित भई पुर्व तयार पारिएको प्रश्नावली भराउने कार्य गरिएको थियो । सो कार्यबाट प्राप्त भएका प्रतिक्रियाहरूलाई समेटी छुट्टा छुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ श्रोत व्यक्ति

नेपाल सरकारको शैक्षिक कार्यक्रमहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गराउनका लागि क्रियाशिल रहेका विभिन्न निकायहरू मध्ये जिल्ला शिक्षा कार्यालय र विद्यालयहरू पनि एक हुन् । यी दुवै संस्थाहरूको बिचमा समन्वयनकारी भुमिका निर्वाह गर्नका लागि श्रोत व्यक्तिले महत्त्वपुर्ण स्थान ओगटेको हुन्छ । जसले माथिलो निकायका कार्यक्रमहरूलाई विद्यालय र समुदायको तहसम्म कार्यान्वयनका लागि पुऱ्याउने एवं तलका जनगुनाशा एवं समस्याहरूलाई सम्बन्धित निकायमा पुऱ्याउदै विद्यालय तहको शिक्षालाई व्यवस्थित , नियमित र प्रभावकारी ढंगले संचालन गर्नको लागि आवश्यक निर्देशन, अनुगमन, अवलोकन र मुल्याङ्कन एवं निरिक्षण गर्ने प्रमुख जिम्मेवारी बहन गरेको हुन्छ । यस अध्ययनको क्रममा अध्ययनकर्ताले दादरवैरिया श्रोत केन्द्रका श्रोत व्यक्तिलाई आफ्नो अध्ययनको विषयसँग सम्बन्धित रहेर केहि प्रश्नहरू प्रस्तुत गरिएको थियो । त्यसमा समेटिएका केहि महत्त्वपुर्ण प्रतिक्रियालाई यहाँ प्रस्तुत गरिएको छ ।

विद्यालयहरूमा प्रधानाध्यापक, शिक्षक, वि.व्य.स.का पदाधिकारीहरु, अभिभावकहरु एवं सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा सिकाई उपलब्धि बृद्धि गर्न महत्त्वपुर्ण योगदान दिएको पाइन्छ । यस प्रकारको योजनाले शैक्षिक कार्यक्रममा धेरै हदसम्म टेवा पुऱ्याउँछ । शिक्षकको योग्यता, दक्षता साधन र श्रोतको प्रयाप्तताका कारणले नै सिकाई उपलब्धि बृद्धि गराउन सहयोगी भुमिका खेल्ने देखिन्छ । यस श्रोतकेन्द्रका विद्यालय सुधार योजनाहरूमा सिकाई उपलब्धिसँग सम्बन्धित शिक्षक तालिम, छात्राबृत्ति ( दलित , अपाङ्ग , ५०% छात्रा ) प्रोत्साहन

अनुदान , नि : शुल्क पाठयपुस्तक , घरदैलो कार्यक्रम शिक्षक , अभिभावक , विद्यार्थी भेटघाट कार्यक्रम , वि.व्य.स. P.T.A. बैठक जस्ता कार्यक्रमहरू राखिएको र त्यस्ता कार्यक्रमहरूमा नि : शुल्क पाठयपुस्तक वितरण कार्यक्रम बढी उपलब्धिमुलक रहेको तथ्य भेटिन्छ ।

### ४.२.२ वि.व्य.स. पदाधिकारी

विद्यालयको उन्नति प्रगति एवं विकासको मेरुदण्डको रूपमा रहेको विद्यालय सुधार योजना निर्माण र यसको प्रभावकारी कार्यान्वयनको लागि विद्यालयसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने विद्यालय व्यवस्थापन समितिको महत्त्वपुर्ण भूमिका रहेको हुन्छ । यसरी महत्त्वपुर्ण भुमिका निर्वाह गर्न सक्ने व्यक्ति वि.व्य.स. लाई सिकाई उपलब्धिसँग सम्बन्धित रहेर सोधिएको प्रश्नमा निम्नानुसारको धारणा बुझियो ।

१) विद्यालयका कार्यक्रमको कार्यान्वयनमा सरलता ।

२) विद्यालयमा गरिने विभिन्न कार्यक्रमको तयारी र संचालनमा सरलता ।

३) विद्यालयको भौतिक पक्षको मर्मत संभार ।

४) विद्यालयको विकासमा सहयोगी ।

५) विद्यार्थीको सिकाई उपलब्धिमा बृद्धि गरी शैक्षिक पक्षको विकास गर्ने ।

६) आगामी दिनमा गर्नुपर्ने कार्यको पुर्व तयारी ।

७) विद्यालयको चौतर्फी विकासको लागि पहल गर्ने ।

त्यसैगरी वि.व्य.स.का पदाधिकारीहरूको भुमिका सम्बन्धमा सोधिएको प्रतिप्रश्नको जवाफमा ६५% पदाधिकारीहरूले सक्रिय भुमिका निर्वाह गरेको प्रतिक्रिया दिए भने अति सक्रिय १५% ले सामान्य १५% र खास भुमिका रहेन ५% पदाधिकारीहरूले व्यक्त आफ्नो धारणा गरेको पाइयो । त्यसैगरी सिकाई उपलब्धिमा केहि सुधार गरेको पक्षमा ६५% पदाधिकारीहरू विश्वस्त रहेको पाइयो । स्कुल व्यवस्थापन समिति अनुसार विद्यालयमा कार्यक्रम संचालन भए नभएको सन्दर्भमा राखिएको जिज्ञासामा ७०% वि.व्य.स. सदस्यले योजना अनुरूप कार्यक्रम संचालन भएको प्रतिक्रिया दिएको भएता पनि ६५% वि.व्य.स. पदाधिकारीले दरवन्दीको कमी , श्रोत र साधनको अप्रर्याप्त, सम्बन्धित निकायबाट कार्यक्रमको लागि आवश्यक बजेट प्राप्त नभएको

कारण कार्यक्रमहरू पुर्णरूपले संचालन गर्न अवरोध भएको कुरा व्यक्त गरे । विद्यालयको विकास र उन्नतिमा सिकाई उपलब्धि बढाई शैक्षिक स्तर उच्च राख्नको लागि शिक्षकले महत्त्वपुर्ण भुमिका खेल्दछ । शिक्षकको मनोबल उच्च राखी शैक्षिक जगतमा निरन्तर सुधारका लागि के कस्ता कार्यक्रमहरू राखिएका छन् भनी सोधिएको प्रश्नमा सबैको प्रतिक्रियालाई समेट्दा सल्लाह र सुझाव, तालिमका लागि सिफारिस, थप अध्ययन र तालिमको सुविधा, स्वच्छ शैक्षिक वातावरणको सृजना, योजना अनुरूप विद्यालय संचालन, लगनशीलताप्रति प्रेरणा, पुरस्कार, सम्मान र प्रशंसा बढुवाको लागि सिफारिस, समस्या केन्द्रित छलफल एवं अन्तरक्रिया, विद्यार्थीको नियमितता, विद्यालय र समुदायबिचमा सुमधुर सम्बन्ध स्थापित गर्ने, निरन्तर रूपमा अनुगमन र मुल्याङ्याकन, विद्यालय क्षेत्रलाई राजनैतिक हस्तक्षेप रहित शान्तिक्षेत्र घोषणा गरेर शिक्षकको मनोवल उच्च राखी शैक्षिक जगतमा सुधार गर्न सकिन्छ भन्ने प्रतिकृयाहरू मध्ये निःशुल्क पाठयपुस्तक र छात्रबृति कार्यक्रम सबै भन्दाबढी प्रभावकारी भएको कारणले सिकाई उपलब्धि बृद्धि गर्न यसले महत्त्वपुर्ण भुमिका निर्वाह गरेको पाइयो ।

### ४.२.३ अभिभावकको चासो

विद्यालयको चौतर्फी विकासको लागि अभिभावकको भुमिका अहम रहने गर्छ । विद्यालयको पञ्चवर्षिय शैक्षिक कार्यक्रमलाई समेटी उनिहरूको भुमिक अहम रहने भएकोले यसको प्रभावकारी, कार्यान्वयनको सन्दर्भमा समेत अभिभावकहरूको संलग्नता रहनु जरुरी हुन्छ । त्यसैले अध्ययनको क्रममा छनौट भित्र परेका अभिभावक मध्ये ५६ प्रतिशतले भौतिक सुधार, निःशुल्क पाठ्यपुस्तक विवरण, छात्रवृत्ति प्रोत्साहन, जनचेतना बृद्धि, शिक्षक एवं अभिभावकमा जागरुकता, स्थानिय श्रोत र साधनको सदुपयोग, बालमैत्रिपुर्ण सिकाई , योजनाबद्ध त्रियाकलापको संचालन जस्ता कुरामा जोड दिएकोले विद्यालयको सिकाई उपलब्धि क्रमिक रूपमा सुधार हुदै गएको तथ्य उल्लेख गरे ।

यसै क्रममा सिकाई उपलब्धिमा सबै भन्दा बढी महत्त्वपुर्ण भुमिका निर्वाह गर्ने सन्दर्भमा सोधिएको प्रश्नमा निम्नानुसारको धारणा रहेको देखिन्छ ।

**तालिका नं. ५**

**सि.उ. सम्बन्धि धारणा**

| विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| शैक्षिक सामग्री र तालिम | १५ | ६०% |
| छात्रवृत्ति | ४ | १६% |
| सेवा र सुविधा बृद्धि | ३ | ८% |
| अन्य | ३ | १६% |
| जम्मा | २५ | १००% |

**श्रोत : स्थलगत अध्ययन २०६७**

माथिको तथ्याङ्कलाई हेर्दा सिकाई उपलब्धिमा शैक्षिक सामग्री र तालिमले सबैभन्दा बढी महत्त्वपुर्ण भुमिका निर्वाह गरेको भनि ६०% अभिभावकले प्रतिक्रिया दिएको पाइयो भने छात्रवृति, सेवा सुविधामा बृद्धि र अन्य पक्षले पनि सिकाई उपलब्धिमा महत्त्वपुर्ण भुमिका निर्वाह गर्दछ । भनि प्रतिक्रिया दिनेमा क्रमश : १६% , ८% , १६% , अभिभावकहरू रहेको पाइयो ।

अभिभावकहरूलाई विद्यालय एवं शैक्षिक क्रियाकलापप्रति संचेत गराउनका लागि घरदैलो कार्यक्रम, सभा, बैठक, गोष्ठी र अन्तरक्रिया, भेटघाट र छलफल, अभिभावक दिवश, चेतनामुलक कार्यक्रम, सडक नाटक, विद्यार्थीको प्रगति विवरण वितरणमा नियमितता, छात्रवृति प्रदान, नि : शुल्क पाठ्यपुस्तक वितरण, अन्तर अभिभावक खेलकुद एवं हाजिरिजवाफ प्रतियोगिता, सहकार्य एवं  हाजिरिजवाफ प्रतियोगिता, सहकार्य एवं समन्वय जस्ता कार्यक्रमहरू समावेश गरी संचालन गरेको भएतापनि ति कार्यक्रमहरूलाई अझ सशक्त र प्रभावकारी ढंगले संचालन गर्नुपर्ने प्रतिक्रिया दिएको पाइयो ।

**४.२.४ प्र.अ. / शिक्षकहरूको भूमिका**

शिक्षा नियमावली २०४९ को सातौ संशोधन २०४९ को नियम ९४ मा विद्यालयको दैनिक प्रशासन संचालन रेखदेख, निरीक्षण, अवलोकन, समन्वय जस्ता कार्यहरू गर्न विद्यालयमा प्रशासकको रूपमा प्र.अ. लाई वास्था गरिएअनुसार विद्यालयलाई निश्चित परिधि र व्यवस्था एवं योजनाका साथ नियमितरूपमा संचालनगरी राष्ट्रले तोकेको शिक्षाका उद्देश्यहरू पुरा गर्ने तर्फ प्र.अ. सधै क्रियाशिल रहनु पर्दछ । त्यसैगरी प्र.अ.ले विद्यालयको समाजको एउटा सदस्यको रूपमा नेतृत्वदायी भुमिका खेलेको हुन्छ । शैक्षिक जगतका अतिरिक्त विभिन्न सामाजिक समस्याहरू ऊ मार्फत मात्र समुदायका विभिन्न सदस्यहरू सम्म पुग्ने गर्दछन् । त्यसैगरी शैक्षिक समस्याहरूको समुदाय समक्ष पहिचान गराउने बाटो पनि त्यहि नै हो । यस अध्ययननको क्रममा छनौटमा परेको प्र.अ. एवं शिक्षकहरूसँग गरिएको विभिन्न प्रश्नहरूबाट विविधखाले प्रतिक्रिया प्राप्त भएका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

प्रधानाध्यपक, शिक्षक, वि.व्य.स. एवं सबै सरोकारवालाहरूको संलग्नतामा शैक्षिक कार्यक्रमले सिकाई उपलब्धिमा केहि मात्रामा सुधार गरेको जसमा सबैभन्दा बढी महत्त्वपुर्ण भुमिका शैक्षिक सामग्री र तालिम कार्यक्रमले खेलेको पाइयो । सिकाई उपलब्धि बढने कारण तर्फ शिक्षकहरूको ध्यानाकर्षण गर्दा शिक्षकको योग्यता, लगनशिलता र सिपले सिकाई उपलब्धि बढाउन सक्ने तर्फ ६४.२९ प्रतिशत शिक्षकले प्रतिक्रिया दिएका थिए भने विद्यार्थीको नियमितता र पाठ्यपुस्तकले सिकाई उपलब्धि बढाएको भनि क्रमश : २५% र १०.७१% शिक्षकहरूको प्रतिक्रिया पाइयो । सिकाईमा सुधार ल्याउन सह क्रियाकलाप अत्तिरिक्तक्रियाकलाप, चेतनामुलक कार्यक्रम, पुरस्कार र प्रोत्साहन, छात्रवृति वितरण, कक्षाकोठा व्यवस्थापन, घरदैलो कार्यक्रम, शैक्षिक सामग्रीको निर्माण, खरिद र प्रयोग, अभिभावक कार्यक्रम, दक्ष र योग्य शिक्षकको व्यवस्था, शिक्षण सिकाई क्रियाकलाप, विद्यार्थीको नियमितता, गोष्ठी बैठक, अन्तरक्रिया कार्यक्रम, पाठ्यपुस्तक खरिद र वितरण, स्वच्छ वातावरण, शिक्षक तालिम, थप शिक्षक दरबन्दिको व्यवस्था, नियमित बैठक र पृष्ठपोषण कार्यक्रमहरू राखिएको पाइयो ।

प्र.अ.ले माथिका कार्यक्रमहरूलाई प्रभावकारी ढंगले कार्यान्वयन गर्न विद्यालयको चौतर्फी विकासमा महत्त्वपुर्ण भुमिका निर्वाह गरेको पाइन्छ जस्तै नि : शुल्क पाठ्यपुस्तक वितरण, छात्रवृति अनुदान, शिक्षक तालिम, शैक्षिक सामग्री, भौतिक मर्मत संभार एवं निर्माण जस्ता कार्यहरूले विद्यालयको सुधार एवं सिकाई उपलब्धि बढाउन विशेषरूपमा  योगदान पुऱ्याएको यथार्थता पाइन्छ भने स्कुल व्यवस्थापन समिति मा रहेका घरदैलो कार्यक्रम, चेतनामुलक कार्यक्रम, गोष्ठी, अन्तरक्रिया, नियमित बैठक जस्ता कार्यक्रमहरूले यथेष्ठ बजेटको अभावमा पनि जनचेतना बृद्धि गर्न, शिक्षक र अभिभावक बिचमा सुमधुर सम्बन्ध स्थापित गरी जागरुकता बढाउन, शिक्षक, विद्यार्थी एवं विद्यालयलाई नियमित रूपमा संचालन गर्न र स्थानिय रूपमा उपलब्ध भएका श्रोत र  साधनहरूलाई विद्यालयको हितमा सहिरूपमा संचालन गर्ने कार्यमा प्रेरणादायी भुमिका निर्वाह गरेको पाइन्छ ।  तर यति हुँदाहुँदैपनि प्रयाप्त मात्रामा शिक्षक दरबन्दी नहुनु, पुँजीको अभाव हुनु, विद्यालय र समुदाय बिचमा अथवा सरोकारवालाहरू बिचमा सुमधुर सम्बन्धको अभावले कार्यक्रमहरूको कार्यान्वयनमा प्रत्यक्ष असर परेको देखिन्छ । जसमा Pro. George Elton mayo ले मानव सम्बन्ध सिद्धान्तको व्याख्याको क्रममा उल्लेख गरेको समन्वय र प्रेरणा योग्यताअनुसारको नेतृत्व विकास, सहकार्य र सहभागिता कर्मचारी एवं सामाजिक कार्यदक्षता र दोहोरो एवं वास्तविक संचार प्रणाली स्थापित गरी प्रभावकारी  कदम चाल्नु पर्छ ।

## ४.३ शिक्षण सिकाइ क्रियाकलापमा देखिएका समस्या र समाधानका उपायहरू

अध्ययनकर्ताले यससँग सम्बन्धित रहेर छनौटमा परेको दादरवैरिया श्रोत केन्द्रका विद्यालयहरुसँग सम्बन्धित श्रोत व्यक्ति, वि.व्य.स.का  पदाधिकारी, अभिभावक , प्र.अ. एवं शिक्षकहरूलाई भेटी एवं पुर्व तयार गरिएको प्रश्नावली भराई प्राप्त भएका प्रतिक्रियालाई निम्नानुसार प्रस्तुत  गरिएको छ ।

### ४.३.१ श्रोत व्यक्ति

विद्यालयहरूले कतिपय शैक्षिक कार्यक्रमहरूलाई श्रोत र साधनको कमी, विद्यालयको निस्क्रियता, सम्बन्धित पक्षबाट तयार गरिएको कार्यक्रमहरू नहेरी हचुवाको भरमा

विद्यालयहरूलाई रकम निकाशा गर्नु, कतिपय विद्यालयहरुमा सिकाई उपलब्धिको महत्त्व नबुझ्नु, जस्ता कारणहरूले गर्दा पुर्णरूपमा कार्यान्वयन हुन नसकेको प्रतिक्रिया प्राप्त भयो । त्यसैगरी सिकाई प्रकृयामा आइपरेका समस्याहरू सम्बन्धमा राखेको जिज्ञासामा निम्न समस्याहरू पाइयो ।

१) भौतिक साधन (भवन र कालोपाटी) को अभाव ।

२) तालिम प्राप्त शिक्षकको अभाव ।

३) बेलाबेलामा प्रधानाध्यापकले कक्षा अवलोकन नगुर्न ।

४) तालिम प्राप्त भएपनि विषयगत शिक्षकले तालिममा सिकेका कुराहरूलाई कक्षाकोठा सम्म नपुऱ्याउनु ।

५) समावेशी शिक्षणको प्रचुर ज्ञान नहुनु ।

माथिका समस्याहरू समाधानका लागि चाल्नु पर्ने कदमको सन्दर्भमा सोधिएको प्रश्नमा निम्नानुसारको सुझावहरू प्राप्त भयो ।

१) भौतिक पक्षको सुधार ।

२) समयसापेक्ष रूपमा तालिमको व्यवस्था ।

३) नियमितरूपमा शिक्षकको कक्षा अवलोकन र निरिक्षणगरी पृष्ठपोषण प्रदान गर्नु पर्ने ।

४) पुरस्कार र दण्डको व्यवस्था ।

५) राजनैतिक हस्तक्षेप कम गर्नु पर्ने ।

६) समावेशी शिक्षण सीपसँग सम्बन्धित तालिमको व्यवस्था गरिनु पर्ने ।

विद्यालयको चौतर्फी विकासमा महत्त्वपुर्ण भुमिका निर्वाह गरेतापनि यसको कार्यान्वयनमा आइपरेका समस्यासँग सम्बन्धित रहेर सोधिएको प्रश्नमा प्राप्त प्रतिक्रियालाई समेट्दा आर्थिक समस्या समन्वयको अभाव, राजनैतिक हस्तक्षेपको समस्या, जनचेतनाको समस्या, जनसहभागितामा कमी, पाठयपुस्तकको अभाव, सरोकारवालाहरूमा कम चासो निरन्तर रूपमा अनुगमन र मुल्याङ्कनको कमी जस्ता पक्षहरू पाइयो ।

### ४.३.२ वि.व्य.स. र अभिभावक

अध्ययनकर्ताले आफ्नो अध्ययनको क्रममा छनौटमा परेका श्रोत केन्द्रका वि.व्य.स. एवं अभिभावकहरूसँग सिकाई उपलब्धिको कार्यान्वयनमा देखापरेका समस्या र समाधानका उपायहरू सँग सम्बन्धित जिज्ञासा राख्दा निम्न अनुसारको प्रतिक्रिया प्राप्त भयो ।

अध्ययनको क्रममा अध्ययनकर्ताले वि.व्य.स. एवं अभिभावकहरूलाई शिक्षण सिकाई प्रकृयामा आइपरेका समस्याहरू सँग सम्बन्धित रहेर प्रश्न गर्दा यस्ता किसिमका समस्याहरू औल्याइएको बुझिन्छ ।

१) समयमा पाठ्यपुस्तक उपलब्ध नहुनु ।
२) आर्थिक समस्या ।
३) जनचेतनाको कमी ।
४) विद्यालय र समुदायबिच सुमधुर सम्बन्धको अभाव ।
५) अभिभावकहरू विद्यालयप्रति जिम्मेवार नहुनु ।
६) शिक्षक र विद्यार्थीहरूको अनियमितता ।
७) श्रोत सामग्रीको अभाव ।
८) राजनैतिक हस्तक्षेपको प्रभाव ।
९) गोष्ठी, छलफल, बैठक एवं अन्तरक्रियाको कमी ।
१०) अनुगमन र मुल्याङ्कनको अभाव ।

उपरोक्त समस्याहरू समाधानार्थ अपनाउन सकिने उपायहरूको सन्दर्भमा गरिएको प्रश्नको उत्तरहरूलाई समेट्दा निम्न उपायहरू पाइयो ।

१) समयमा नै पाठ्यक्रम, पाठ्यपुस्तक एवं सन्दर्भ सामग्री उपलब्ध हुनुपर्ने ।
२) भौतिक पक्षको सुधार ।
३) प्रभावकारी समन्वय र सुमधुर सम्बन्ध ।
४) श्रोत र साधनको पहिचान गर्नुपर्ने ।
५) सहभागितामा बृद्धि गर्नुपर्ने ।

६) अभिभावकहरूमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्नु पर्ने ।

७) राजनैतिक अहस्तक्षेप ।

८) उचित कक्षाकोठा व्यवस्थापन ।

९) शिक्षक र विद्यार्थीहरुको नियमितता ।

उपरोक्त समस्याहरू समाधान गर्न के कस्ता उपायहरू अपनाउन सकिन्छ भनि प्रति प्रश्न गर्दा निम्नानुसारका सुझावहरू प्राप्त भयो ।

१) विद्यालयमा दिगो श्रोतको पहिचान गरिनु पर्ने ।

२) सम्बन्धित निकायहरू बिचमा पहिचान गरिनु पर्ने ।

३) जनचेतनाको माध्यमबाट विद्यालयमा जनसहभागिता बढाउनु पर्ने ।

४) राजनैतिक हस्तक्षेप कम गर्नु पर्ने ।

५) विद्यालयले योजनामा उल्लेख भएका र पुरा गर्न सक्ने खालका कार्यक्रम मात्र राख्नु पर्ने ।

६) नियमित अनुगमन र मुल्याङ्कन गरिनु पर्ने ।

### ४.३.३ प्रधानाध्यापक एवं शिक्षकहरू

अध्ययनकर्ताले आफ्नो अध्ययनको क्रममा छनौटमा परेको श्रोत केन्द्रका प्र.अ.एवं शिक्षकहरूसँग शिक्षण सिकाई क्रियाकलापको कार्यान्वयनमा देखा परेका समस्या र समस्या समाधानका उपायहरूसँग सम्बन्धित जिज्ञासा राख्दा निम्न अनुसारका प्रतिक्रियाहरु प्राप्त भयो ।

शिक्षण सिकाईमा सिकाई उपलब्धिको विषयमा सरोकारवालाहरूको कम चासो, अभिभावकमा सक्रियताको कमी, समुदायको निस्क्रियता, सम्बन्धित निकायको बेवास्था, जनचेतनाको अभाव, श्रोतको पहिचान गर्न नसक्नु , महत्त्वकांक्षी योजनाको निर्माण, हचुवाको भरमा बजेटको निकाशा जस्ता कारणले प्रस्तावित बजेटको व्यवस्था हुन नसकेको भनि ४६.४३ प्रतिशत शिक्षकहरूले प्रतिक्रिया दिएका थिए ।

अध्ययनको क्रममा अध्ययनकर्ताले प्र.अ. एवं शिक्षकहरूलाई शिक्षण सिकाई प्रकृयामा आइपरेका समस्याहरूसँग सम्बन्धित रहेर प्रश्न गर्दा यस्ता किसिमका समस्याहरू औल्याइएको बुझिन्छ ।

१) तालिम प्राप्त शिक्षकको कमि ।

२) विद्यार्थीको अनियमितता ।

३) गरीबी ।

४) अभिभावकमा चेतनाको कमी ।

५) शिक्षक दरबन्दीको कमी ।

६) उचित भौतिक साधनको अभाव ।

७) नियमित अनुगमन र मुल्याङ्कनको कमी ।

८) सरोकारवालाहरूको कमचासो ।

९) शैक्षिक सामग्रीको अभाव ।

१०) व्यवस्थित कक्षाकोठा अभाव ।

११) भौगोलिक विकटता ।

१२) बहुभाषी विद्यार्थीको कारण उद्देश्य प्राप्तिमा जटिलता ।

१३) पाठ्यक्रम, पाठयपुस्तक एवं सन्दर्भ सामग्रीको अभाव ।

यसरी माथि उल्लेखित समस्याहरूलाई समाधान गर्न सक्ने संभाव्य उपायहरूको सन्दर्भमा राखिएको जिज्ञासामा सबैको प्रतिक्रियालाई समेट्दा निम्नानुसार सुझावहरू पाइयो :-

१) अभिभावकमा चेतनामुलक कार्यक्रम गर्नु पर्ने ।

२) शिक्षक तालिमको व्यवस्था ।

३) विद्यार्थीको नियमितता ।

४) प्राथमिकतहमा शिक्षक संख्यामा बृद्धि गर्नु पर्ने ।

५) दण्ड र पुरस्कारको व्यवस्था ।

६) बहुभाषिक विद्यार्थीहरूलाई भाषागत ज्ञान दिनु पर्ने ।

७) शैक्षिक सामग्रीको निर्माण, खरिद र प्रयोग ।

८) अनुगमन र मुल्याङ्कनमा नियमितता ।

९) उचित कक्षाकोठाको व्यवस्थापन ।

१०) आर्थिक श्रोतको पहिचान र परिचालन ।

११) पाठ्यक्रम , पाठ्यपुस्तक एवं सन्दर्भ सामग्रीहरू समयमा नै उपलब्ध हुनु पर्ने ।

१२) बैज्ञानिक शिक्षण पद्धति अवलम्बन गर्नु पर्ने ।

उपरोक्त समस्याहरू समाधानार्थ अपनाउन सकिने उपायहरूको सन्दर्भमा गरिएको प्रश्नको उत्तरहरूलाई समेट्दा निम्न उपायहरू पाइयो :-

१) भौतिक पक्षको सुधार ।

२) प्रभावकारी समन्वय र सुमधुर सम्बन्ध ।

३) समयमा नै पाठयक्रम, पाठयपुस्तक एवं सन्दर्भ सामग्री उपलब्ध हुनुपर्ने ।

४) श्रोत र साधनको पहिचान गर्नु पर्ने ।

५) सहभागितामा बृद्धि गर्नु पर्ने ।

६) अभिभावकहरूमा जनचेतनाको कार्यक्रम संचालन ।

७) राजनैतिक अहस्तक्षेप ।

८) उचित कक्षा व्यवस्थापन ।

९) विद्यार्थीको नियमितता ।

१०) जनसहभागितालाई प्रोत्साहन ।

११) सरोकारवालाहरूको सक्रियता बढाउनुपर्ने ।

१२) छलफल, गोष्ठी, बैठक, सेमीनार तथा अन्तरक्रिया गराई विद्यालयमा अपनत्वको भावना जगाउनु पर्ने ।

१३) तोकिएको बजेटको व्यवस्था गर्नु पर्ने ।

१४) दक्ष र उपयुक्त जनशक्तिको परिचालन गर्नु पर्ने ।

१५) विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवारीको बोध गराउनु पर्ने । .

यसरी यस्ता विविध पक्षहरूले सिकाई उपलब्धिमा शिक्षण सिकाई क्रियाकलापको कार्यान्वयनमा असर पारेको अवस्था भेटिन्छ । योजना निर्माणको क्रममा जतिसुकै कार्यक्रम राखे पनि सबै सरकारले नै व्याहोर्ने हो । भन्ने मानसीकताले विद्यालयको उन्नतिका लागि अवसर सिर्जना गरेता पनि सबै सरोकारवालाहरूलाई संलग्न गराई योजना प्रभावकारी बनाउन सकेको पाइदैन । विद्यालयले बनाएका योजना महत्त्वकांक्षी छन् । भने उपलब्धि स्तर न्यून छ । विद्यार्थीको नियमित उपस्थिति न्यून हुनु, शैक्षिक सत्र भरीमा तोकिएको दिनसम्म विद्यालय खुल्न नसक्नु, विविधखाले बन्दहड्तालको असर विद्यालयमा पर्नु जस्ता पक्षहरूले कार्यान्वयनमा समस्याको सृजनागरी सिकाई उपलब्धिस्तर न्युन हुनका कारक तत्त्वहरू भएको कुरा उल्लेख गर्नु भएको छ, जुन यस अध्ययनको क्रममा पनि देखिएको छ ।

# परिच्छेद पाँच : प्राप्ति निष्कर्ष र सुझावहरू

अध्ययनबाट प्राप्त भएका मुख्य प्राप्तिहरू र त्यसबाट निकालिएका निष्कर्षहरू तथा अध्ययनबाट देखिएका समस्याहरूको समाधान र सिकाई उपलब्धिमा सुधार ल्याउनका लागि चालिनु पर्ने आवश्यक कदमहरूको बारेमा केही सुझावहरूलाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## ५.१ प्राप्तिहरू

यो अध्ययन सिकाई उपलब्धिमा पारेको प्रभावको अनुसंधानसँग सम्बन्धित छ । अध्ययनको शिलशिलामा नमुना छनौटमा परेका सम्पूर्ण विद्यालयहरूमा शोधकर्ता आफै गई विद्यालयका प्रधानाध्यापक एवं शिक्षक, वि.व्य.स. का पदाधिकारीहरू र अभिभावकहरूसँग प्रत्यक्ष भेटघाट, छलफल र अन्तरक्रिया एवं अन्तरवार्ता तथा प्रश्नावली फाराम भर्न लगाई आवश्यक सूचना एवं तथ्याङ्कहरू संकलन गरिएको थियो । माथि उल्लेखित विभिन्न तरिकाहरूबाट गरिएको अध्ययन एवं विश्लेषणको आधारमा प्राप्त भएका मुख्य प्राप्तिहरू लाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

१) विद्यालय शैक्षिक निति, नियम, योजना एवं व्यवस्थापनसँग सम्बन्धित महत्त्वपुर्ण अभिलेख हो । विकेन्द्रिकरणको सिद्धान्त अनुसार निर्माण गरिने यो योजना प्रति विद्यालयका सरोकारवालाहरूको सकारात्मक दृष्टिकोण रहेको हुन्छ र यसको आवश्यकता सम्बन्धमा सबै तहबाट गहनतम विचार व्यक्त गरिएकोले विद्यालयको सिकाई उपलब्धिमा महत्त्वपुर्ण भुमिका खेल्न सक्ने विचार रहेको पाइएता पनि यसमा निम्न समस्याहरू भेटिए :-

- क) विद्यायको योजनामा महत्त्वकांक्षी कार्यक्रमको प्रस्ताव ।
- ख) विद्यालयले स्पष्ट दृष्टिकोण राख्न नसकेका ।
- ग) विद्यालयमा कार्यक्रमहरू संचालन गर्न श्रोत र साधनको कमी ।
- घ) विद्यालयमा राजनैतिक हस्तक्षेपको समस्या ।
- ङ) कार्यक्रम कार्यान्वयन गर्न सहकार्य र समन्वयको अभाव ।

च) भौगोलिक समस्या विकटता ।

छ) विद्यालयका विभिन्न कार्यक्रमहरूको निरन्तर रूपमा अनुगमन र मुल्याङ्कन नहुनु ।

ज) विद्यालयको श्रोत र साधनको पहिचान र परिचालनको कमी ।

ट) विद्यालय सँग सम्बद्ध व्यक्तिहरूमा जिम्मेवारी र उत्तरदायित्व बोधको अभाव ।

२) माथिका विभिन्न समस्याहरू रहदा रहदैं पनि विद्यालयमा रहेका विभिन्न क्रियाकलापहरूमा यसले मुख्य गरी भौतिक व्यवस्थापन र शैक्षिक क्रियाकलापमा सुधार ल्याएको कुरा उल्लेख गरेका थिए ।

३) शैक्षिक उपलब्धि बृद्धि गर्न सबैभन्दा बढी महत्त्वपुर्ण कुरा शिक्षकको योग्यता, क्षमता, दक्षता, श्रोत र सामग्रीको प्रयाप्तता एवं शिक्षक विद्यार्थीको लगनशिलता र कर्तव्यपराणता नै हो भन्ने बारेमा शिक्षक एवं अभिभावकहरूको एकमत रहेको पाइयो ।

४) शैक्षिक उपलब्धिमा प्रभाव पार्ने मुख्य तत्त्वहरूमा शिक्षक तालिम, शैक्षिक सामग्री, शैक्षिक वातावरण, शिक्षक एवं विद्यार्थीहरूको लगनशिलता र नियमिततानै हो भन्नेमा सबै व्यक्तिहरूको एक मत रहेको पाइयो ।

५) विद्यालयको शिक्षण सिकाई क्रियाकलापको उपलब्धिको अवस्था र यसको सुधार योजनको निर्माण प्र.अ., शिक्षक , वि.व्य.स. का पदाधिकारीहरु, अभिभावकहरु, बुद्धिजीवी तथा स्थानिय संघ संस्था एवं सरोकारवालाहरूको संलग्नता धेरै मात्रामा हुने गरेको पाइयो ।

६) विद्यालयमा सिकाई उपलब्धिको आवश्यकता सम्बन्धमा प्र.अ., शिक्षक, वि.व्य.स.का पदाधिकारीहरु र अभिभावकहरू सबैको सकारात्मक सोच रहेको पाइयो । विद्यालयको वर्तमान अवस्था सुधार गर्न, योजना अनुरूप कार्यक्रमहरु लागु गर्नु र विद्यालयको चौतर्फि विकास गर्न विद्यालयको भौतिक र आर्थिक श्रोत जुटाउन , शिक्षामा गुणस्तर बृद्धि गरी सिकाई उपलब्धिको आवश्यकता सबैपक्षलाई पर्दछ भन्नेमा सबै सरोकारवालाहरूको एकमत रहेको पाइयो ।

७) विद्यालयमा हुने पठनपाठनले मात्र सिकाईमा सुधार नहुने पक्षमा ६५ प्रतिशत अभिभावक रहेको पाइयो भने उनीहरूले निम्न कुराले पढाईमा सुधार आउने बताएका छन् ।

क) भौतिक सुधार गर्नु पर्ने ।

ख) योग्य तथा दक्ष शिक्षकको व्यवस्था गर्नु पर्ने ।

ग) कक्षागत एवं विषयगत शिक्षकको व्यवस्था गर्नु पर्ने ।

घ) राजनैतिक हस्तक्षेप बन्द गर्नु पर्ने ।

ङ) शिक्षकहरुमा नियमितता र लगनशिलता हुनु पर्ने ।

च) शैक्षिक सामाग्रीको प्रयाप्त व्यवस्था हुनुपर्ने ।

छ) अभिभावकहरूको सकृयता हुनुपर्ने ।

८) अधिकांश विद्यालयले सभा, गोष्ठी, अन्तरक्रिया छलफल, सडक नाटक, घरदैलो कार्यक्रम, अन्तर अभिभावक हाजिरीजवाफ प्रतियोगिताको माध्यमबाट अभिभावकहरूमा सचेत गराउने गरेको पाइयो ।

९) विद्यालयहरूको अध्ययनको क्रममा यस श्रोतकेन्द्रमा सिकाई प्रकृयामा निम्न समस्याहरू रहेको पाइयो :-

क. भौतिक सामग्रीको अभाव ।

ख. समावेशी शिक्षणको अभाव ।

ग. प्र.अ.ले समय समयमा कक्षा अवलोकन नगर्नु ।

घ. तालिम प्राप्त शिक्षकको अभाव ।

ङ. शिक्षक दरबन्दिको अभाव ।

च. अभिभावकमा चेतनाको कमी ।

छ. अनुगमन एवं मुल्याङ्कनमा कमी ।

ज. सरोकारवालाहरूको कम चासो ।

झ. तालिम प्राप्त शिक्षक भएपनि त्यसबाट सिकेको सिपलाई कक्षाकोठामा प्रयोग नगर्नु ।

ञ. बहुभाषिक विद्यार्थी भएकोले भाषागत समस्या हुनु जसको कारणले उद्देश्य प्राप्तीमा जटिलता ।

ट. शैक्षिक सामग्रीको अभाव ।

ठ. पाठयक्रम, पाठपुस्तक एवं सन्दर्भ सामग्रीको अभाव ।

ड. शिक्षकको मनोवल उच्च राख्ने कार्यक्रमहरू बनाएता पनि सोको कार्यान्वयन गर्न नसक्नु ।

१०) निम्न उपायहरू अवलम्बन गरेमा शिक्षण सिकाई उपलब्धिलाई प्रभावकारी ढंगले कार्यान्वयनमा सहयोग पुग्ने देखिन्छ ।

क. विद्यालयले पुरा गर्न सक्ने प्रकार कार्यक्रमको मात्र प्रस्ताव हुनुपर्ने ।

ख. साधन र श्रोतको पहिचान र समूचित प्रयोग गरिनु पर्ने ।

ग. सरोकारवालाहरूलाई विद्यालयप्रति अपनत्वको भावना जागृत गराउनु पर्ने ।

घ. प्रभावकारी समन्वय एवं सरोकारवाला र विद्यालय बिचमा सुमधुर सम्बन्ध स्थापित गरिनु पर्ने ।

ङ. समयमा आवश्यक श्रोत र सामग्रीको व्यवस्था गरिनु पर्ने ।

च. राजनैतिक हस्तक्षेपलाई शिक्षाबाट सधैका लागि निर्मुल पारिनु पर्ने ।

छ. दक्ष र सिपयुक्त जनशक्तिको परिचालन गर्नु पर्ने ।

ज. विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघलाई जिम्मेवारीको बोध गराउनु पर्ने ।

झ. अनुगमन र मूल्याङ्क नियमित एवं निरन्तर हुनुपर्ने ।

११) औषत सिकाई उपलब्धि कक्षा ४ र कक्षा ५ को अंग्रेजी एवं गणित विषयको सिकाई उपलब्धि विद्यालय सुधार योजना लागु हुनु पुर्वको तुलनामा विद्यालय सुधार योजना लागु भए पश्चात बृद्धि भएको पाइयो भने सो बृद्धि दर अंग्रेजीको तुलनामा गणित विषयको बढी भएको पाइयो ।

## ५.२ निष्कर्षहरू

यस अध्ययनको क्रममा प्राप्त भएको सुचना एवं तथ्याङ्कहरूलाई ब्याख्या र विश्लेषण गरिएको आधारमा निम्न बमोजिमका निष्कर्षहरू ( Conclusions ) निकालिएको छ :-

क) विद्यालयको सिकाई उपलब्धि प्रति प्रधानाध्यापक शिक्षक, वि.व्य.स.का पदाधिकारीहरू, अभिभावकहरू एवं सबै सरोकारवालाहरूको सकारात्मक धारणा रहेकोले विद्यालयको चौतर्फी विकासका लागि यसले उल्लेखनिय भुमिका निर्वाह गर्न सक्छ ।

ख) विद्यालयको भौतिक र आर्थिक व्यवस्थापन एवं सुधार गर्न सफल भएको देखिएता पनि शैक्षिक उपलब्धि बृद्धि गर्ने खालका कार्यक्रमहरूलाई विशेषरूपमा समेट्न सकेको छैन् ।

ग) विद्यालयको उन्नतीको भावना जागृत गराएको भएतापनि सबै सरोकारवालाहरूलाई प्रत्यक्ष रूपमा संलग्न राखेर योजनालाई प्रभावकारी बनाउन अझै सकेको छैन् ।

घ) सिकाई उपलब्धिलाई प्रत्यक्ष रूपमा प्रभाव पार्ने खालका केहि कार्यक्रमहरू जस्तै नि : शुल्क पाठयपुस्तक, छात्रवृति जस्ता कार्यक्रमहरू समेटिएको भएपनि शिक्षक तालिम शैक्षिक सामाग्री सम्बन्धि कार्यक्रमहरूलाई विद्यालय सुधार योजनामा खासै स्थान दिएको पाइएन, दिएकोमा पनि कार्यान्वयन भएको पाइन्छ ।

ङ) सिकाई उपलब्धिको बृद्धि भएतापनि लक्ष्य अनुरूप बृद्धि भएको पाइदैन् ।

च) विद्यार्थीहरूको नियमित उपस्थिती न्युन हुनु, शैक्षिक सत्रभरिमा तोकिएको दिन सम्म विद्यालय संचालन हुन नसक्नु, विविधखाले बन्द हड्तालको असर एवं राजनैतिक हस्तक्षेपबाट सृजित समस्याको असर विद्यालयमा पर्नु पनि सिकाई उपलब्धि न्यून हुनुका कारक तत्त्व हुन् ।

छ) गरिब एवं विपन्न वर्ग तथा श्रमिकका छोराछोरीहरूको मात्र आर्थिक समस्याको कारणले सामुदायिक विद्यालयहरूमा सहभागिता बढीमात्रामा देखिएकोले पनि सिकाई उपलब्धि न्यून भएको हुन सक्छ ।

ज) योजना निर्माणमा संलग्न हुने प्र.अ. शिक्षक, वि.व्य.स. पदाधिकारी र अभिभावकहरू निम्न विषयवस्तुहरूमा अझै पनि राम्ररी प्रष्ट हुन सकेका छैनन् ।

१. समस्या पहिचान गरी Clear Vison तयार पार्न ।

२. समस्याहरूलाई प्राथमिकिकरण गर्न ।

३. विद्यालयको दिर्घकालिन सोच र उद्देश्य निर्धारण गर्न ।

४. योजना प्रभावकारी ढंगले कार्यान्वयन गराउन ।

५. प्रभावकारी अनुगमन र मूल्याङ्कनको योजना बनाई व्यवस्थापन गर्न ।

झ) सिकाई उपलब्धिमा बृद्धि गर्ने शैक्षिक सामग्री, शैक्षिक वातावरण, शिक्षकको योग्यता क्षमता, दक्षता र तालिम एवं शिक्षक र विद्यार्थीको लगनशिलताको सँगसगै अभिभावकको सचेतता र संलग्नताले महत्त्वपुर्ण भुमिका खेल्दछ । सक्रिय अभिभावक समुह पनि भौगोलिक विकटताका बाव्जुतपनि संस्थागत विद्यालय तर्फ नै आकर्षित भएबाट यस श्रोत केन्द्रका विद्यालयहरूले असल अभिभावक दिन प्रतिदिन गुमाउदै गएको पाइन्छ । जुन बर्षेनी कक्षागत रूपमा घटेका विद्यार्थीहरूको संख्याले पुष्टि गर्दछ ।

उल्लेखित निष्कर्षबाट के भन्न सकिन्छ भने अझै पनि विद्यालयहरूमा पठनपाठनका लागि उचित वातावरणको व्यवस्थापन हुन नसकिरहेको छ , शिक्षकहरूमा आफ्नो पेशाप्रति लगनशिलता., कर्तव्यपराणयता र बफादारिताको कमी छ भने अभिभावकहरूमा सामुदायिक विद्यालयहरू प्रति विश्वासको कमी छ । विद्यार्थीहरूमा अध्ययनप्रति लगनशिलता एवं नियमितताको अभाव छ भने सम्बन्धित निकायहरूबाट नियमित र उचित निरिक्षण, अनुगमन, सहयोग, समन्वय एवं परामर्श सेवा प्रभावकारी रूपमा प्राप्त हुन सकेको छैन् ।

## ५.३ सुझावहरू

यस अध्ययनको शिलशिलामा पाईएका मुख्य प्राप्तिहरू र गरिएको व्याख्या विश्लेषण तथा निष्कर्षका आधारमा विद्यालयलाई गुणस्तरीय शिक्षा प्रदान गर्न, विश्वासिलो संस्थाको रूपमा विकास गर्न र विद्यालयमा बनाइने योजना लाई अझ प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याई विद्यालयहरूको सिकाई उपलब्धिमा सुधार गरेर उच्च उपलब्धिहरू हासिल गर्न निम्नानुसार सुझावहरू प्रस्तुत गरिएको छ :-

१. विद्यालयको शैक्षिक क्षेत्रको समग्र सुधारको महत्त्वपुर्ण प्रयासको रूपमा विद्यालयको सिकाई उपलब्धि लाई जोड दिनु पर्दछ ।

२. विद्यालय व्यवस्थापन समितिमा राजनैतिक आस्था र हस्तक्षेपको सट्टा योजना सम्बन्धि ज्ञान , क्षमता र सीप भएका योग्य स्थानिय शिक्षाविदका साथै अभिभावकहरूको संलग्नता बढाउने व्यवस्था मिलाउनु पर्दछ ।

३. विद्यालयको भौतिक र आर्थिक व्यवस्थापनका साथै शैक्षिक उपलब्धि बृद्धि गर्ने योजना तथा कार्यक्रमहरूलाई विशेष रूपमा राखिनु पर्दछ ।

४. विषयगत शिक्षकलाई कक्षा सिकाईमा सवलीकरण गर्ने कार्यक्रमहरू अवलम्बन गरी कार्यान्वयन गराउनु पर्दछ ।

५. सरल र व्यवहारिक योजनाको निर्माण सम्बन्धि सीप विकास गर्न सहयोग पुग्ने खालका सहयोगी निर्देशिका एवं सन्दर्भ पुस्तिका विकास गरी सम्बन्धित निकायले समयमा नै विद्यालयलाई उपलब्ध गराउनु पर्दछ ।

६. गुणस्तरीय सिकाई उपलब्धि बृद्धि गर्ने विद्यालयलाई माथिल्लो निकाय : जि.शि.का. शिक्षा विभाग र शिक्षा मन्त्रालबाट प्रोत्साहन र पुरस्कार स्वरूप थप अनुदान उपलब्ध गराउनु पर्दछ ।

७. सिकाई उपलब्धि उच्च बनाउन विशेष सहयोग पुऱ्याउने विषयगत शिक्षकहरूलाई प्रोत्साहन स्वरूप पुरस्कार दिएर अभिनन्दन गर्नुपर्दछ ।

८. जि.शि.का. श्रोत केन्द्र र व्यवस्थापन समितिबाट विद्यालयका गतिविधिहरू संयुक्त रूपमा पुनरावलोकन गर्ने परिपाटीको विकास गरिनु पर्दछ ।

९. विद्यालयको हरेक क्रियाकलापमा अभिभावकहरूलाई क्रियाशिल गराउन छलफल, भेटघाट, अन्तरक्रिया, घरदैलो कार्यक्रम एवं अन्तर अभिभावक विभिन्न क्रियाकलापहरू संचालन गरी अभिभावकहरूलाई सचेत गराउनु पर्दछ ।

१०. विद्यार्थीहरूको उपस्थितीलाई नियमित गराउन अभिभावकहरूलाई सचेत गराई अभिभावक एवं विद्यार्थीहरूलाई पनि पुरस्कृत गर्ने गरिनु पर्छ ।

११. शिक्षण सिकाई प्रकृयामा आइपर्ने संभावित समस्याहरूलाई अग्रिम रूपमा पहिचान गरी सो समस्या समाधानका लागि आवश्यक सीप एवं दक्षता विकास सम्बन्धि

तालिमको व्यवस्था सम्बन्धित वि.व्य.स.का पदाधिकारी एवं शिक्षकहरूलाई गराई सोको कडाईका साथ पालना गर्ने गराउने गर्नु पर्दछ ।

१२. शिक्षा प्रत्येकको बाल अधिकार हो " भन्ने तथ्यलाई अंगीकरण गरी सबैका लागि शिक्षा (2004 – 2009) ले हालको प्राथमिक तहको ८१% खुद भर्नादर खुद भर्नादरलाई ९६% मा पुऱ्याउने उद्देश्य राखे बमोजिम विद्यालय बाहिर रहेका अपाँग, जाति, धर्म, निर्धन , जनजाति , दलित एवं भाषिक र भौगोलिक रूपमा पछि परेको समुहलाई प्राथमिक शिक्षाको पहुँच भित्र ल्याउने कार्यक्रमहरू ले सशक्त र प्रभावकारी रूपमा समेटी कार्यान्वयन गर्नु पर्दछ ।

अन्त्यमा विद्यालयको चौतर्फी विकास एवं सुधार गरी उच्च सिकाई उपलब्धि हासिल गर्न ल्याएको एक रणनीतिक योजना हो । यसले स्थानिय श्रोत र साधनको परिचालनमा सरोकारवालाहरूको प्रत्यक्ष संलग्नताद्धारा विद्यालयको संचालन र विकास एवं सुधारमा महत्त्वपुर्ण भूमिका निर्वाह गर्दछ । स्थानिय स्वायत्त शासन ऐन २०५५ लागु भएपछि सामाजिक आर्थिक एवं शैक्षिक पक्षमा पनि विकेन्द्रीकरणको सिद्धान्त अनुरूप जनतालाई सशक्त बनाउनका लागि शिक्षा ऐनले पनि स्थानिय सरोकारवालालाई स्थानिय शिक्षा कार्यक्रमको व्यवस्थापन र संचालनमा सक्रिय सहभागि बनाउने जमर्को गरेको पाइन्छ । "आफ्नो विद्यालय आफै बनाऔ" भन्ने भावना जागृत गराउदै योजना निर्माणमा समुदायको नै सहभागिता बढाउनु आवश्यक छ ।

त्यसैले सबै सरोकारवालाहरू, स्थानिय निकाय एवं गैर सरकारी संस्था र सम्बन्धित माथिल्लो निकायहरूको सामुहिक प्रयत्न र प्रयासबाट नै विद्यालयहरूले उच्च शैक्षिक उपलब्धि हासिल गरी शैक्षिक क्षतिलाई पनि न्युन गर्दै देशको चौतर्फी विकास र उन्नतीमा मद्दत गर्न सक्दछन् ।

## सन्दर्भ सूचि

काफ्ले, बासेदेव श्रेष्ठ (२०६२) **शैक्षिक प्रशासन र सुपरिवेक्षण**, भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, विद्यानाथ र श्रेष्ठ, चन्दबहादुर (२०६२) **शैक्षिक व्यवस्थापन र संगठनात्मक व्यवहार,** भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

खतिवडा, दुर्गाप्रसाद (२०६२) **सुर्खेतमा विद्यालय सुधार योजनाले प्राथमिक तहको विद्यार्थी सिकाइ उपलव्धिमा पारेको प्रभाव एक अध्ययन,** अप्रकाशित शोधपत्र, सुर्खेत ।

खनाल, पेशल (२०६२) **शैक्षिक अनुसन्धान पद्धति,** काठमाडौं : सनलाइट पव्लिकेशन स्टुडेन्ट बुक्स ।

वाग्ले, मनप्रसाद र कार्की, उपेन्द्रकुमार (२०६१) **शिक्षाका आधारहरु,** काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, गोपिनाथ (२०५९) **शिक्षा आयोगका प्रतिवेदनहरु,** काठमाडौं : लेखक ।

शिक्षा विभाग (२०६१) **विद्यालय सुधार योजना सहयोगी पुस्तिका**, भक्तपुर : लेखक ।

ढकाल, माधवप्रसाद (२०५८), **शिक्षाको दर्शनशास्त्रीय एवम् समाज शास्त्रीय आधार,** भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा चिरञ्जीवि र निर्मला (२०६३), **शिक्षण विधि,** एम. के. पव्किसर्स एण्ड डिष्ट्रिव्युर्टस, काठमाडौं ।

श्रेष्ठ, चन्द्रबहादुर र बस्न्यात (२०६६), **शिक्षाको परिचय भाग १,** काठमाडौं : भुँडीपुराण प्रकाशन बागबजार ।

वाग्ले, फत्तेबहादुर र श्रेष्ठ चन्द्रबहादुर (२०६२) **शैक्षिक व्यवस्थापन र सङ्गठनात्मक व्यवहार,** भोटाहिटी काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

आधारभुत प्राथमिक शिक्षण प्रशिक्षण (२०६४), **सातौं संसोधन भाग १ प्राथमिक पाठ्यक्रम दिग्दर्शन,** सानोठिमी भक्तपुर ।

शैक्षिक बुलेटिन मोरङ (२०६७) **एजुकेशन हेल्पलाइन,** विराटनगर, मोरङ ।

## अनुसूची-१

## सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव प्र.अ./शिक्षकहरुका लागि प्रश्नावली

प्र.अ./शिक्षकको नामः लिङ्गः

विद्यालयको नामः उमेरः

शिक्षण अनुभव वर्षः नियूक्ति मितिः

शैक्षिक योग्यताः

तलका उपयुक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहोला र खाली ठाउँमा आफ्ना विचारहरू उल्लेख गर्नुहोस ।

१. तपाईसँग प्राथमिक तहको पढाउने विषयको पाठ्यक्रम छ ?

(क) छ (ख) छैन

२. तपाईले पढाउने विषयको शिक्षक निर्देशिका पाउनु भएको छ ?

(क) छ (ख) छैन

३. शिक्षण सिकाइमा सुधार ल्याउने सन्दर्भमा शैक्षिक सत्र २०६७ मा वि.व्य.स. र तपाईको वीचमा कुराकानी भयो ?

(क) भयो (ख) भएन

४. विद्यार्थीको शैक्षिक प्रगतिको मूल्याङकन कसरी र कति पटक गर्ने गर्नु भएको छ ?

| प्रकार | गर्नु हुन्छ भने (√) लगाउनुहोस् | पटक |
|---|---|---|
| कक्षा कार्य | | हप्तामा |
| गृहकार्य | | हप्तामा |
| छलफल | | हप्तामा |
| परियोजना कार्य | | महिनामा |
| एकाइपरीक्षा | | महिनामा |
| त्रैमासिक परीक्षा | | महिनामा |
| अर्धवार्षिक परीक्षा | | महिनामा |

५. विद्यार्थीको सिकाइ उपलब्धिमा सबै भन्दा बढी महत्वपूर्ण भूमिका तलका मध्ये कुन हो ?

(क) शैक्षिक सामग्री (ख) तालिम (ग) छात्रवृति (घ) अन्य

६. विद्यार्थीको सिकाइ उपलब्धि बृद्धि हुनुको प्रमुख कारण केलाई ठान्नुहुन्छ ?

(क) शिक्षकको योग्यता र सीप (ख) पाठ्यक्रम र पाठ्यपुस्तक
(ग) भौतीक अवस्था (घ) विद्यार्थीको नियमितता

७. तपाईको विद्यालयमा कति जना शिक्षक/शिक्षिका छन ?

(क) ५ जना (ख) ३ जना (ग) ४ जना (घ)............

.

८. तपाईको विद्यालयमा सरदर कति प्रतिशत विद्यार्थीहरू उत्तिर्ण भएका छन ?

(क) ३० प्रतिशत (ख) ४० प्रतिशत (ग) ५० प्रतिशत (घ) ..........

९. विद्यालयको शैक्षिक उपलब्धिमा प्रभाव पार्ने तत्वहरू के-के ठान्नुहुन्छ ?

(क)................................(ख) ......................................

(ग) ...............................(घ) ......................................

१०. शिक्षण सिकाइ प्रक्रियामा आइपरेका समस्याहरू के-के हुन ?

(क)................................(ख) ......................................

(ग) ...............................(घ) ......................................

ति समस्याहरू समाधानका उपायहरू के-के हुन ?

(क)................................ (ख) ......................................

(ग) ...............................(घ) ......................................

## अनुसूची-२

### सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव विद्यार्थीहरूका लागि प्रश्नावली

नाम: कक्षा:

विद्यालयको नाम:

उमेर रोल न.

**तलका उपर्युक्त उत्तरमा रेजा (√) चिन्ह लगाउनुहास् र खाली ठाउँमा आफ्ना विचारहरू उल्लेख गर्नुहोस ॥**

१. तिमीसँग विषगत पाठ्यपुस्तक छ ?

(क) छ (ख) छैन (ग) अलिअलि

२. तिमीलाई विषयगत शिक्षकहरूले गृहकार्य दिनुहुन्छ वा दिनुहुन्न ?

(क) सधै दिनुहुन्छ (ख) कहिलेकाही दिनुहुन्छ (ग) दिनु हुन्न

३. गृहकार्य दिनुहुन्छ भने गृहकार्य जाँचेर सुधारका निम्ति सुझाव दिनुहुन्छ वा दिनुहुन्न ?

(क) सधैदिनुहुन्छ (ख) कहिलेकाही दिनुहुन्छ (ग) दिनु हुन्न

४. पढ्दा नबुझेका कुरा कसले तिमीलाई बुझाइदिन्छ ?

(क) आमाबाबु (ख) शिक्षक (ग) ट्यूसन

५. तिम्रो विद्यालयको वारेमा तलका भनाईसँग कतिको सहमत छौ ? उपर्युक्त ठाँउमा (√) लगाऊ ।

| | पूर्ण सहमत | थोरै सहमत | पूर्ण असहमत |
|---|---|---|---|
| क. शिक्षकहरूसँग विद्यार्थी एकदम मिलेका छन । | | | |
| ख. शिक्षकको पेशाप्रति सन्तुष्टि | | | |
| ग तिम्रो भनाइलाई सवैजसो शिक्षकहरू ध्यानदिएर सुन्छन । | | | |
| घ. तिम्रो विद्यालयका शिक्षकहरूले विद्यार्थीहरू राम्रो गरुन भन्ने चाहन्छन । | | | |

६. विद्यार्थीको सिकाइ उपलब्धि कम हुनुका प्रमुख कारण कुन हो ?

(क) शिक्षक (ख) शिक्षण विधि

(ग) विद्यार्थीको लगनशिलता (घ) शैक्षिक सामग्री

७. सिकाइ उपलब्धिमा सबै भन्दा बढी महत्वपूर्ण भूमिका निर्वाह गर्ने तलका मध्ये कुन हो ?

(क) शैक्षिक सामग्री (ख) तालीम (ग) छात्रवृति (घ) अन्य

## अनुसूची-४

## सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव श्रोत व्यक्तिकालागि प्रश्नावली

श्रोत व्यक्तिको नामः शैक्षिक योग्यताः

श्रोतकेन्द्रको नामः अनुभव वर्षः

.

**तलका उपर्युक्त उत्तरमा रेजा (Ĕ) चिन्ह लगाउनुहास् र खाली ठाउँमा आफ्ना विचारहरू उल्लेख गर्नुहोस ॥**

१. तपाई श्रोत व्यक्तिमा रहनु भएको कति वर्ष भयो ?

(क) २ वर्ष (ख) ३ वर्ष (ग) ४ वर्ष

२. शिक्षण सिकाइ पश्चात विद्यार्थीको सिकाइ उपलब्धिमा तपाईले केहि सुधार पाउनु भएको छ ?

(क) धेरै सुधार भएको (ख) केहि मात्रामा सुधार भएको

(ग) केहि पनि सुधार नभएको

३. तपाईको विभारमा कुन तत्वले शैक्षिक उपलब्धिमा वढी प्रभाव पारेको हुन्छ ?

(क) शैक्षिक सामग्री (ख) तालिम (ग) पाठ्यक्रम र पाठ्यपुस्तक

४.तपाईको श्रोतकेन्द्रमा शिक्षण सिकाईमा सुधार ल्याउन कस्ता कस्ता कार्यक्रमहरू राखिएका छन, उल्लेख गर्नुहोस् ?

(क) ………………… (ख) …………………… (ग) ………………

५. तपाईले शिक्षकको कक्षा अवलोकन गर्दा शिक्षण सिकाईको प्रभावकारी कार्यान्वयनको लागि के समस्या देख्नुभएको छ ?

……………………………………………………………………………………………

………………………………………………………………………………

६. तपाईले शिक्षकको शिक्षण सिकाइमा सुधार ल्याउन कुन कुन निकाय वा व्यक्तिलाई के अनुरोध तथा सुझाव दिनुभएको छ ?

..........................................................................................................................

..................................................................................................

७. तपाईको श्रोतकेन्द्रमा तालिम प्राप्त र तालिम अप्राप्त शिक्षक वीच शिक्षण सिकाइमा के फरक देख्नु भएको छ ?

..........................................................................................................................

............................................................................................

## अनुसूची ५

## सिकाइ उपलब्धिमा शिक्षण सिकाइ क्रियाकलापको प्रभाव

## विषयगत औषत प्राप्ताङ्क फारम

| क.सं. | शैक्षिक सत्र | विषयगत औषत प्राप्ताङ्क | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | कक्षा - ४ | | कक्षा - ५ | | |
| | | अंग्रेजी | गणित | अंग्रेजी | गणित | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |